# धर्मकीर्ति

धर्मकीर्ति
he Dharmakirti



कुनै पनि देशलाई शस्त्रद्वारा आक्रमण नगर्ने अठोट गरिएको शिलालेख ठड्याउँदै शस्त्र परित्याग गर्ने सम्राट अशोक

वर्षः ३८, अङ्कः ७

बु.सं. २५६४, कतिं पुन्हि

# शहरी विकास मन्त्रीज्यूले भिक्षुणी धम्मवती गुरुमांबाट आशीर्वाद ग्रहण



*भिक्षुणी धम्मवतीबाट आशीर्वाद थाप्नु हुँदै शहरी विकास मन्त्री माननिय श्री कृष्ण गोपाल श्रेष्ठ*

*२०७७ कार्तिक १ गते*
*स्थान- धर्मकीर्ति विहार*

हालसालै मात्र नेपाल शहरी विकास मन्त्री पदमा नियुक्त हुनुभएका माननिय श्री कृष्ण गोपाल श्रेष्ठले आफ्नो कार्यकाल अवधिमा देश र जनताको सेवा सफलतापूर्वक गर्नको लागि भिक्षुणी धम्मवती गुरुमांबाट आशीर्वाद थाप्नुभएको छ ।

धर्मकीर्ति विहारमा आउनुभई धम्मवती गुरुमां दर्शन गर्नुहुँदै धम्मवती गुरुमांको आशीर्वाद प्राप्त भएकै कारणले मन्त्री पद ग्रहण गर्न पाएको कुरा उल्लेख गर्नुहुँदै गुरुमांले दिनुभएको शिक्षानुसार आचरण गरी आवश्यक कार्य सम्पादन गर्ने र बुद्ध धर्म संरक्षण र सम्बर्द्धन गर्ने प्रण पनि गर्नुभयो ।

आशीर्वाद दिने क्रममा भिक्षुणी धम्मवती गुरुमांले नवनियुक्त शहरी विकास मन्त्रीज्यूको आयु आरोग्य एवं सुस्वास्थ्य कामना गर्नुभई उहाँले आफ्नो कार्यकालमा कुशल कर्म गर्दै देश र जनताको सेवा गर्न सकुन् भनी आशीर्वाद दिनुहुँदै लुम्बिनी अंकित धर्मोपहार प्रदान गर्नुभयो ।

यही सिलसिलामा धर्मकीर्ति विहारका अन्य गुरुमांहरू सहित धम्मवती गुरुमांले बुद्ध वचन परित्राण पाठ गरी मंगल कामना पनि गर्नुभएका थिए ।

*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ४३५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोन: ४३५९४६६**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

*व्यवस्थापकहरू*

**चिनीकाजी महर्जन**

फोन: ९८४१२५२६६२

**ज्ञानेन्द्र महर्जन**

फोन: ४२७५३७७, ९८४१३६६५१४

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

*सह-व्यवस्थापक*

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ५३५९४६६

बुद्ध सम्बत् २५६४

नेपाल सम्बत् ११४०

इस्वी सम्बत् २०२०

बिक्रम सम्बत् २०७७

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | २०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |


DHARMAKIRTI

# धर्मकीर्ति


(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly


**31st OCTOBER 2020**

| वर्ष- ३८ | अङ्क- ७ | कतिं पुन्हि | कार्तिक २०७७ |
|---|---|---|---|


संसारलाई पानीमा उठेका फोका अथवा मृगतृष्णा समान सम्झन सक्ने व्यक्तिलाई यमराजले देख्दैन ।

राजाको भडकिलो रथ समान रहेको यस संसार (भौतिक सुख) मा मूर्खजन मात्र फँस्छन् र आसक्त हुन्छन्, ज्ञानीजन आसक्त हुँदैनन् ।

उठ बेहोशी नबन, सद्धर्म आचरण गर । धार्मिक पुरुषहरू यस लोक र परलोक दुबैमा सुखपूर्वक जीवन बिताँछन् ।

राम्ररी धर्म आचरण गर्नु, दुराचरण नगर्नु, धर्माचरण गर्ने व्यक्तिले यसलोक र परलोक दुबैमा सुखपूर्वक जीवन बिताउँछन् ।

# विषय-सूचि


| क्र.सं. | शिर्षक | | पृष्ठ |
|---|---|---|---|
| १) | बुद्ध वचन | – | १ |
| २) | आवरण चित्र परिचय - हृदय जित्ने सम्राट | – कल्याण मित्र स.ना.गो. | २ |
| ३) | सम्पादकीय - दण्ड भोग्न पर्ने काम गर्न नपरोस् | – | ३ |
| ४) | बुद्धत्त्व प्राप्ति | – सत्यनारायण गोयन्का | ४ |
| ५) | दँ दँ पासापिं | – भन्ते प्रज्ञालोक | ७ |
| ६) | विशेष गुणले सम्पन्न योग्य गुरु | – भिक्षु अश्वघोष | ८ |
| ७) | जन्मया सार | – लेलिन शाक्य | ९ |
| ८) | मति राम्रो भए गति राम्रो हुन्छ | – धम्मवती | ११ |
| ९) | तण्डुलनाली जातक | – प्रकाश वज्राचार्य | १४ |
| १०) | श्रीलंका भ्रमण एक अनुभव | – अञ्जना तुलाधर | १६ |
| ११) | आश्चर्य चाय् माःगु मदु | – माधवी गुरुमां | १९ |
| १२) | धर्मकीर्ति विहार–गतिविधि | – | २१ |
| १३) | धर्ति मां ख्वया च्वन थौं थथे | – कृष्ण देवी बज्राचार्य | २३ |


*आवरण चित्र परिचय*

# हृदय जित्ने सम्राट

**– कल्याण मित्र सत्यनारायण गोयन्का**

अनुवाद- **वीर्यवती**

भगवान् बुद्ध स्वतन्त्रता प्रेमी हुनुहुन्थ्यो । पराधीनतालाई उहाँले मान्नु हुन्नथ्यो । उहाँले दिनुभएको उपदेशमा नै प्रष्ट उल्लेख भएको पाइन्छ –

पराधीन भएर नबस्नु । **नाञ्ञस्स पुरिसो सिया ।**

कसैको गुलाम नहुनु । **नाञ्ञं निस्साय जीवेय्या ।**

अरू कसैको आश्रय नलिनु वा भर नपर्नु ।

कोशल राज्यको अधीनमा रहेका शाक्य वंशियहरू कोशल राज्य सम्मुख आत्म सम्मान गुमाई हीनभावमा जीवन बिताउनु परेका थिए । यस सत्य घटना विषयमा भगवान् बुद्धलाई राम्ररी जानकारी थियो । त्यही कारणले भगवान् बुद्ध स्वाधीन वज्जी गणराज्य मगधहरूको अधीनमा नपरोस भन्ने चाहनुहुन्थ्यो । त्यसैले भगवान्ले वज्जिहरूलाई आफ्नो गणतन्त्र रक्षा गर्नको लागि सातवटा उपदेश दिनुभएको थियो । यी उपदेश त्यसबेला प्रासंगिक नभएता पनि कुनै पनि गणतन्त्र वा प्रजातन्त्रका लागि आज पनि त्यति नै प्रासंगिक रहेको छ । भविष्यमा पनि त्यति नै प्रासंगिक रहने छ ।

भगवान् बुद्ध देशमा स्वतन्त्रताको पक्षमा प्रवल समर्थक हुनुहुन्थ्यो । कुनै पनि आक्रामक विदेशले आफ्नो देशलाई आक्रमण गरी गुलाम नबनाओस् भनी उहाँले देश संरक्षण एवं सुरक्षा गर्नको लागि सातवटा नै उपदेशहरू यसरी दिनुभएका थिए –

नगरको द्वारमा सुदृढ स्तम्भ गाड्नु जसलाई शत्रुको हात्तीले पनि हल्लाउन नसकोस् ।

नगरको किल्ला वरिपरि गहिरो नहरले घेर्नु । त्यसपछि खुल्ला जमिन होस् । त्यसपछि चारैतर्फ सुदृढ मोटो पर्खाल लगाउनु ।

किल्लामा चतुरंगिनी सेना राख्नु जहाँ कुनै कमाण्डो सैनिक पनि होस् । शूरबीर द्वारपालको प्रबन्ध होस् । किल्लामा आयुधको यथेष्ट भण्डार हुनुपर्छ साथै मानिसहरू र पशुहरूको लागि यथेष्ट आहारको प्रबन्ध हुनुपर्छ ।

भगवान् बुद्धको परम श्रद्धालु अनुयायी थिए सम्राट अशोक । त्यसैले कलिंग युद्धको बरबादी पछि उसले

*( क्रमशः २४ पेजमा )*

## ▪ सम्पादकीय ▪

# दण्ड भोगन पर्ने काम गर्न नपरोस्

**सब्बे तसन्ति दण्डस्स, सब्बे भायन्ति मच्चुनो सब्बेसं जीवितं पियं, अत्तानं उपमंकत्वा नहनेय्य न घातये ।**

सबै प्राणी दण्ड देखेर तर्सन्छन् । सबैजना मृत्यु देखेर डराउँछन् । सबैलाई आफ्नो प्राणको माया लाग्छ । त्यसैले सबै प्राणीलाई आफू समान सम्झौं । उनीहरूलाई घात नगरौं र नगराऔं ।

माथि उल्लेखित बुद्ध वचनलाई हामीले एकपटक अध्ययन गरौं । यस गाथाले भनिरहेको छ –

यस संसारका सबै प्राणीको सुख र स्वतन्त्रतापूर्वक बाँच्न पाउने नैसर्गिक अधिकार छ । कसैले कसैको शान्तपूर्ण जीवनमा बाधा पुऱ्याउनु ठूलो गल्तीपूर्ण कार्य हो । अझ कुनै पनि प्राणीको हत्या र हिंसा गर्ने कार्य त जघन्य अपराध नै भयो । एक विवेकशील, शिक्षित व्यक्तिले प्राणीहरूलाई हत्या, हिंसा होइन दया, माया र करुणारुपी सद्भाव राख्ने गर्छ ।

जुन व्यक्तिले आफ्नो स्वार्थपूर्तिको लागि अरुलाई दुःख दिने, जालसाजी गर्ने, ठगी गर्ने, बलात्कार गर्ने, हत्याहिंसा जस्ता आपराधिक कार्य गर्छ, प्रकृतीले त्यस्तो व्यक्तिलाई भविष्यमा यस्तै प्रकारको दुष्फल भोगाउने व्यवस्था मिलाइसकेको हुन्छ । त्यसैले अशान्ति र दुःख निम्त्याउने फल हाम्रै हातमा छ भने सुख र शान्ति निम्त्याउने फल पनि हाम्रै हातमा छ ।

त्यसैले भगवान् बुद्ध भन्नुहुन्छ –

**यादिसं वपते बीजं तादिसं हरते फलं**

अर्थात् जस्तो चेतनाले काम गर्छ र कुरा गर्छ, त्यस्तै फल हामीलाई प्रकृतीले भोगाइराखेको हुन्छ । हामी सबैले धेरै विचार पुऱ्याई बुझ्नुपर्ने कुरा हो यो ।

भगवान बुद्धले धम्मपदमा यस्तो पनि भन्नुभएको छ –

जसले आफ्नो स्वार्थको जालमा परी अरुलाई हानी, नोक्सानी पुऱ्याउँछ, जालसाजीपूर्ण कार्य र कुरा गर्छ, योजना बनाउँछ, जसले निर्दोष व्यक्तिलाई दण्ड दिने गर्छ, दोष लगाउँछ, त्यस व्यक्तिलाई प्रकृतीले तल उल्लेखित १० प्रकारका दण्ड भोगाउँछ –

१) असह्य रुपले टाउको दुःख्ने रोग लाग्नेछ ।
२) अङ्गभङ्ग हुने गरी दुर्घटना हुनेछ ।
३) पागल हुनेछ ।
४) भयानक ठूलो रोग लाग्नेछ ।
५) राज्यको तर्फबाट ठूलठूला दण्ड आदि भयहरू आइपर्नेछन् ।
६) घर आगलागी हुनेछ र मरणोपरान्त पछिको चित्तले राम्रो गति पाउन नसकेर नरकतुल्य जीवन बिताउनु पर्नेछ ।
७) आफ्ना नाता कुटुम्ब विनाश हुँदै जानेछ ।
८) आफूसँग भएका भोग सम्पत्तिहरू विनाश हुँदै जानेछन् ।
९) बेकारका लाञ्छनाहरू लागि समाजमा निन्दित र अपहेलित भएर बस्नुपर्नेछ ।
१०) आफूसँग भएका सम्पत्ति बिनाश हुँदै जानेछ ।

यी माथि उल्लेखित प्राकृतिक दण्डहरू जसले प्रकृतीको नियम विपरित काम गर्छ, उसलाई नै भोगाउने हो । त्यसैले आज देखि हामी सबै होशियार बनौं । क्षणिक भौतिक सुखको लोभ लालचमा नफसौं । दण्ड भोग्नुपर्ने काम नगरौं ।

# बुद्धत्व प्राप्ति

✍ सत्यनारायण गोयन्का

(सयाजी ऊ बा खिनद्वारा बुद्ध शिक्षा के हो भन्ने विषयमा तीन दिनसम्म लगातार दिनु भएको धर्म उपदेशको एउटा अंश यहाँ दिइएको छ। यो उपदेश उहाँले २३ दिसम्वर, १९५१ मा म्यानमारमा दिनुभएको थियो ।)

आजभन्दा २५४० वर्ष पहिला वैशाख पूर्णिमाको रातमा तपस्वी राजकुमार अहिलेको बुद्धगयाको निजिकै उरुबेला बनमा निरञ्जना नदीको किनारामा पुगेका थिए । त्यहाँ बोधि बृक्षको फेदमा पलेटी कसेर बसे । र उहाँले यस्तो दृढ प्रतिज्ञा गर्नुभयो कि जबसम्म आफूलाई परमार्थ सत्य अथवा सम्यक सम्बोधि प्राप्त हुँदैन तबसम्म त्यसै आसनमा निश्चल भएर बस्नेछु, यस प्रयासमा चाहे आफ्नो प्राण जावोस् तर उनी चल्ने छैन ।

सत्यको अनुसन्धान गर्नको लागि चित्त एकाग्र गर्नु अति आवश्यक थियो । एकाग्रचित्त बनाउनको लागि तपस्वी सिद्धार्थ राजकुमारले खुब प्रयत्न गरे । चित्त एकाग्र हुँदै गयो । तपस्वीले आफ्नो मनोबल मजबूत बनायो । तर सँधै सजिलै एकाग्र हुने चित्त आज अलि चञ्चल थियो । उनले प्रयास गर्दै रहे कि उच्च श्रेणीको चित्तवृत्तिहरू र निम्न श्रेणीको चित्तवृत्तिहरूको संघर्ष भइरहेको थियो । यसैको कारण चित्त एकाग्र हुनको लागि बार-बार बाधाहरू अघि देखापरिरहेका थिए । यी बिघ्नकारी शक्तिहरूको बाधा यति तीव्र थियो कि त्यसलाई पार लगाउन कठिन भइरहेको थियो, यो उनको नयाँ अनुभव थियो । यसभन्दा अघि यस्तो कहिल्यै भएको थिएन । सायद बुद्धत्व प्राप्तिको लागि यो अन्तिम संग्राम थियो त्यसैले यस्तो भईरहेको हुनसक्छ । आफ्ना सम्पूर्ण दुष्प्रवृत्ति र समस्त विरोधी शक्तिहरूलाई समेटिएर दुष्ट मार आफैं युद्ध गर्न आएको जस्तो थियो । तर तपस्वीले आफ्नो हिम्मत हारेनन् । विस्तारै-विस्तारै ती विघ्न बाधाहरूसंग डटेर सामना गर्दै रहे । आखिरमा अनेक जन्मदेखि संचित गरेको कुशल कर्म यस्तो समयमा सहायताको लागि आउनु आवश्यक नै थियो । उनले पूर्वजन्ममा दशपारमिताको महान व्रत जुन परिपूर्ण गरेका थियो, यस कार्यका साक्षी रहेका सबै देव ब्रह्माहरूलाई उनले आह्वान गरे र वर्तमान क्षणमा जुन संग्राम चलिरहेको थियो त्यसमा विजयी हुनको लागि उनको सहयोगको कामना गरे । यस्तो आह्वान गर्ने वित्तिकै आफूले अर्जित गरेको पारमिताका साथ साथै देव ब्रह्माको परम परिशुद्ध अतीन्द्रिय मानसिक शक्तिको सहयोगले चमत्कारी प्रभाव पैदा गऱ्यो । ती घनीभूत दुष्ट शक्तिहरू जुन अघि छिचोल्न गाऱ्हो भइरहेको थियो, अब छिन्न-भिन्न हुन थाल्यो, मानसिक नियन्त्रण दृढ हुन थाल्यो र सम्पूर्ण बाधाहरू सदाको लागि विलीन हुन थाल्यो । जब सारा बाधाहरू हट्दै गए तब राजकुमारले चित्तको एकाग्रता अझ बढाए, फलस्वरुप मन परम विशुद्ध, प्रशान्त र सुस्थिर हुन पुग्यो । अब विस्तारै भित्रको प्रज्ञा उर्लेर माथि आउन थाल्यो । यस अवस्थामा ती सारा प्रश्नका समाधान स्वतः हुन थाल्यो । तपश्वीले गम्भीर पूर्वक अन्तरदृष्टि द्वारा आत्म निरीक्षण गर्दै गए । प्रकृतिको वास्तविकता निरीक्षण गर्दै गए र उनले अनुभव गर्दै गए कि यो ठोस जस्तो देखिने शरीर वास्तवमा निस्सार रहेछ । यो त केवल असंख्य-असंख्य परमाणुका पुञ्ज मात्र रहेछ, कलापहरूका पुञ्ज मात्र रहेछ । ती कलापहरू पनि यति सूक्ष्म कि वर्षाकालमा रथमा टाँसिएको धूलो सुकेर उड्दा देखिने कणको पनि पचासौं हजार सानो भाग मात्र । यसलाई पनि अधिक ध्यान दिएर हेर्दा त यी परमाणुहरू पनि बगीरहने रहेछ, फेरिरहने रहेछ, ती नित्य स्थिर नहुने रहेछ । यस्तै मनको स्वभाव पनि यस्तै रहेछ । त्यो पनि अत्यन्त अस्थिर छ, सतत परिवर्तनशील छ, प्रतिक्षण उत्पन्न भइरहने र बिनाश भईरहने स्वभावको छ । मन समस्त मानसिक शक्तिहरूको प्रतिक हो । यी मानसिक शक्तिहरू पनि निरन्तर प्रवाहमान छन् र यो प्रवाह अनादि कालदेखि अविच्छिन्न रूपमा चल्दै आइरहेको छ ।

अब सिद्धार्थले बुझ्दै गए, आफ्नो ज्ञान चच्छुद्वारा आत्म निरीक्षण गर्दै थाहा पाए कि यो शरीर त सार हीन रहेछ । तीक्ष्ण समाधिद्वारा अणु-अणुलाई हेर्दै गए, कलापहरूलाई परीक्षण गर्दै गए, त्यसको अनित्य स्वभावलाई ध्यान दिए तब थाहा पाए कि ती शून्य हुँदै गए, तिनको कुनै अस्तित्त्व नै रहेनछ । ती त केवल स्वभाव मात्र रहेछन् । केवल "पञ्ञति" अथवा प्रज्ञप्ति मात्र रहेछ । यस प्रकार यस प्रज्ञप्ति सत्यलाई अतिक्रमण गरेपछि परमार्थ सत्य प्राप्त गरे, त्यसको सही स्वभावलाई थाहा पाए ।

यसरी जब आफ्नो शरीरको भित्र नाम र रूपको,

चित्त र शरीर धाराको निरन्तर प्रवाहमानलाई देखे तब दुःखको साक्षात्कार गरे । यति हुने बित्तिकै भित्रको अहम् भाव टुक्रा हुँदै शून्य हुन थाले तब दुःख निरोधको अवस्थामा पुगे । त्यहाँ पुगेपछि आत्मभाव अलिकति पनि रहेन; आत्म प्रतिको आसक्ति पूर्णरुपमा समाप्त भयो । तब थाहापाए कि यो शरीर र चित्त दुवै निस्सार रहेछ, खोक्रो रहेछ । यी दुबै मिलेर रहनु एउटा प्रवाह मात्र रहेछ, बाहिरबाट हेर्दा यस्तो ढिको देखिने यी दुवै वास्तवमा परिवर्तनशील रहेछ । कार्य र कारणको नियममा बाँधिएको रहेछ । प्रतीत्य - समुत्पाद अर्थात् कुनै कारण भएकोले नै उत्पत्ति भइरहेको रहेछ । यसको अनुभव हुने बित्तिकै सत्यको साक्षात्कार भयो । तब बोधिसत्त्वमा बुद्धत्त्वको अनन्त गुण जाग्रत हुन पुग्यो र बैशाख पूर्णिमाको त्यो रात बित्नुभन्दा अघि, पूर्वबाट सूर्यको किरण देखिनु अघि नै बुद्धत्त्वको ज्ञान हासिल भयो । अब राजकुमार सिद्धार्थले साँच्चै सम्यक सम्बोधि प्राप्त गरे र सम्यक सम्बुद्ध बने । प्रकाशमान ! सर्वज्ञ ! जागृत यस्तो कि सारा संसार सुतिरहेका थिए, सपना देखिरहेका थिए; प्रकाशमान यस्तो कि सारा संसार अंधकारमा भट्किरहेका थिए, यताबाट उता ठक्कर खाँदै थिए । सर्वज्ञ यस्तो जस्को तुलनामा सारा मानिसहरू केवल अविद्याको मात्रै जानकारी राख्दथे ।

सम्यक सम्बोधि प्राप्त भएपछि ४९ औं दिनसम्म उहाँ मौन रहनु भयो । पहिलो सात दिनसम्म बोधि बृक्षको मुनि रहेर र अन्य सात-सात दिन त्यहीं विभिन्न स्थानमा रहेर विमुक्ति सुख-निर्वाण सुखको आनन्द लिंदै रहे । परमार्थ धर्मको सूक्ष्म भन्दा सूक्ष्म विषयमा चिन्तन मनन गर्दै रहे । यसरी चिन्तन-मनन गर्दै उहाँले पट्ठान (हेतु फलवाद) का नियमहरूको तथा चित्त र चैतसिक (चित्तवृत्तिहरू) को सूक्ष्मातिसूक्ष्म पारस्परिक सम्बन्धहरूको विशेष रूपले अध्ययन गरे तब उनको शरीरबाट छः प्रकारका उज्जवल किरणहरू बाहिर निस्के र ती किरणहरू विस्तारै मुखमण्डलमा केन्द्रित हुँदै प्रभामण्डलको रूपमा स्थिर भए । भगवानले यी सात हप्ता भोजन नगरिकन बिताए । ती दिनहरूमा भगवानको शरीर साधारण मानवको जस्तो स्थूल नभई सूक्ष्म मानसिक स्तरमा रहेको थियो । सूक्ष्म लोकका प्राणीहरू देव तथा ब्रह्मा आदिलाई आफ्नो पोषणको लागि हामीले झैं ठोस खाना खानु आवश्यक हुँदैन । उनीहरूको भोजन ध्यानको प्रीति, सुखबाट नै हुनेछ, जुन अन्य पोषण भन्दा श्रेष्ठ हुन्छ । भगवान बुद्ध पनि सात हप्तासम्म यसै पोषण तत्त्व सेवन गरेर बाँच्नु भयो । किनकि त्यससमय स्थूल शरीरको सत्ता सूक्ष्म मानसिक स्तरमा रहेको थियो । यस सम्बन्धमा मैले जुन असन्धान गरेको थिएँ त्यस अनुसार म पूर्ण विश्वस्त छु कि यति उच्च मानसिक र बौद्धिक धरातलमा पुग्दा भगवान बुद्धको लागि यो असम्भव थिएन ।

सात हप्तासम्मको लामो समय पछि पचासौं दिनमा बिहान भगवान् ध्यानबाट उठ्नुभयो तब उहाँलाई खानाको आवश्यकता महसूस भयो । सात हप्तासम्म लगातार खान नखाएको हुनाले एकदम कमजोर र ब्याकुल भयो भन्ने कदापि होइन तर सूक्ष्म मानसिक अवस्थाबाट फर्केर ठोस शरीरको अवस्थामा आउँदा साधारण भोक जाग्नु स्वाभाविक नै थियो ।

यसै समय बर्मा देशका दुईजना ब्यापारी आफ्ना सरसामानका टोली सहित उरुबेलाको वनबाट गईरहेका थिए । त्यसै समय कोही सुभचिन्तकले उनीहरूलाई भगवान भर्खरै ध्यानबाट उठ्नु भएको छ उहाँलाई सत्कार पूर्वक अघि गएर महापुण्य लाभित हुन प्रेरित गरे । यी दुवै ब्यापारी तपस्सु र भल्लिक भगवान्को सामू पुगे, भगवान् छः रंगी किरणको प्रभामण्डलद्वारा सुशोभित भएर रहनु भएको थियो । उहाँको यस्तो स्वरुप देखेर दुवै जना ब्यापारी श्रद्धाले विभोर भए । दुवैले भगवान्लाई दण्डवत प्रणाम गरे र आफूसँग ल्याएको चामल र महको स्वादिष्ट भोजन चढाए । भगवान् बुद्धको यो पहिलो भोजन थियो । भगवान्ले दुबैलाई श्रद्धालु गृहस्थ उपासक स्वीकार गर्नुभयो । बिदा हुने समयमा उनीहरूले भगवान्सँग स्मरणको लागि केही चिन्ह मागे । ता कि उनीहरूले आफ्नो देश फर्केर त्यसको पूजा अर्चना गर्न सकून् । भगवान्ले उनीहरूको चाहना अनुसार आफ्नो टाउकोको आठवटा केश उखालेर दिनुभयो । ती दुई ब्यापारीले ती केशलाई आफ्नो देशको रंगुनमा श्वेडगाँ स्तूपमा स्थापित गरे ।

यसप्रकार रंगूनका यी दुई ब्यापारीले भगवानको प्रथम उपासक हुने सौभाग्य प्राप्त गरे तर उनीहरूको दुर्भाग्य कि उनीहरू केवल उपासक मात्र भए । उनीहरूले बुद्धलाई प्राप्त धर्मको बारेमा जान्ने थोरै प्रयास पनि गरेनन् । धर्मको अभ्यास विना जन्म, जरा र मृत्युको दुःखबाट कसरी बच्न सकिन्छ र ? हो शुरुमा श्रद्धा हुनु

अनिवार्य छ तर मुख्य काम त बुद्धको शिक्षालाई अभ्यास गर्न सकेमात्र आफू दुःखबाट मुक्त हुन सकिन्छ । त्यसैले उहाँले भन्नुभएको छ–

**"तुम्हेहि किच्चं आतप्पं अक्खातारो तथागता ।"**

काम (तपश्या) त तिमी आफैं गर्नुपर्छ तथागतले त केवल मार्ग निर्देश मात्रै गर्न सक्दछ ।

जुन सम्यक सम्बोधि प्राप्त गरेर सिद्धार्थ भगवान बन्नुभयो, वास्तवमा त्यो सम्यक सम्बोधि के थियो ? त्यो बुद्ध ज्ञान के थियो, कस्तो थियो– जुन प्राप्त गरेर मानव अध्यात्म दर्शनलाई नयाँ दिशा प्रदर्शन गऱ्यो ।

बोधिज्ञान प्राप्त हुँदा भगवानले देख्नु भयो– यो अविद्या हो 'म' र 'मेरो' छ भन्ने जुन झूठो आत्मवादी भाव हामीमा छ त्यो नै अज्ञान हो । यसैको कारण संस्कार बन्दछ र जहाँ संस्कार हुन्छ त्यहाँ चैतन्य हुन्छ । यही चैतन्यको कारण चित्त र शरीरको संयोगद्वारा जीवनको धारा प्रवाहित हुन्छ । जहाँ शरीर र चित्तको संयोग हुन्छ त्यहाँ आँखा, कान, नाक, जिब्रो, छाला र मन यी ६ – इन्द्रियहरू र त्यसका ६ वटा विषय रुप, शब्द, गन्ध, रस, स्पर्श र मन हुन्छ । जब यी ६ इन्द्रियहरू आ-आफ्नो विषयसंग स्पर्श हुन्छ तब त्यसको अनुभव हुन्छ । यसै अनुभूतिको कारण विषय प्रति आसक्ति उत्पन्न हुन्छ । यही तृष्णा बृद्धि हुँदै हुँदै तीब्र लालचीको रुप धारण गर्दछ । यसैको पूर्तिको लागि भित्र-भित्र मानसिक, कायिक र वाचिक कर्म गर्दछ, त्यही नै भव-कर्मको कारण बन्दछ । यसै भव-कर्म द्वारा जन्म हुन्छ । जन्म भएपछि बूढो हुनु, रोगी हुनु र मृत्यु हुनु निश्चित भयो । यसप्रकार अविद्या र तृष्णाको कारण दुःखको पहाड बन्दछ ।

तब भगवानले देख्नुभयो कि यो दुःख हो र दुःख उत्पन्न हुनुका कारण यी नै हुन् । यहाँ डराउनु पर्दैन किनभने यस दुःखबाट निस्किन पनि सकिन्छ । दुःखबाट निस्किने बाटो छ, उपाय छ । यही उपाय आर्य अष्टांगिक मार्ग हो । यो आर्य अष्टांगिक मार्ग भनेको के हो ?

यस आठ अंग भएको मार्गलाई तीन भागमा विभाजित गर्न सकिन्छ । पहिलो शील-खण्ड हो । यस अन्तरगत **सम्मावाचा, सम्मा कम्मन्तो र सम्माआजिवो** आउँदछ । शील भनेको सदाचारमय जीवन हो । शरीर र वाणीद्वारा कुनै किसिमको दुराचरण नगर्नु नै शील हो । दोस्रो खण्ड समाधि हो । यस अन्तरगत **सम्मावायामो, सम्मासति र सम्मासमाधि** आउँदछ । अर्थात् निरन्तर प्रयासद्वारा चञ्चल चित्तलाई कुनै एउटा आलम्बनमा केन्द्रित गरेर मनलाई स्थिर र शान्त बनाउनु, चित्त एकाग्र हुनु नै समाधि हो । तेस्रो प्रज्ञाको खण्ड हो । यसको अन्तरगत **सम्मासंकप्पो र सम्मादिट्ठि** आउँदछ । यो ज्ञानको खण्ड हो । ठीक संकल्प गरेर विपश्यना साधनाको अभ्यास गऱ्यो भने प्रज्ञा जाग्रत हुन्छ । भित्रको आँखा खुल्दछ । साधक सचेत हुन्छ, जागरुक हुन्छ र सत्यको साक्षात्कार गर्दछ । सत्यलाई नजिकबाट निरीक्षण गर्दछ, विश्लेषण गर्दछ । शरीर र चित्तको निरीक्षण-विश्लेषण गर्दछ । प्रकृतिको सत्य स्वभावको निरीक्षण-विश्लेषण गर्दछ । विपश्यनाको अभ्यासद्वारा स्वतः अनुभव हुन थाल्दछ कि यो इन्द्रिय जगतको सारा क्षेत्र प्रतिक्षण परिवर्तनशील छ, अनित्य छ । बाहिरबाट हेर्दा सुखदायी जस्तो भएपनि वास्तवमा दुःखमय नै छ । ती सबै सार रहित छ । म अथवा मेरो भन्ने यहाँ केही पनि छैन, यो अनात्म छ । यसप्रकार यस साढे तीन हातको शरीर भित्र इन्द्रिय जगतको अनुभूति गर्दै-गर्दै वितृष्ण र अनासक्त हुन्छ, अविद्याको अन्धकारमय पर्दा फाट्दछ र इन्द्रियातीत अवस्था प्राप्त हुन्छ । यही निर्वाण हो, यो नित्य छ, शाश्वत छ र यही परम सुख हो । यसको साक्षात्कार द्वारा नै दुःख निरोध हुन्छ । यही मार्ग हो । यही मार्गको फल हो ।

चित्तमा तृष्णा छ भने दुःखको श्रृजना हुन्छ, यो कुरा स्पष्ट छ । त्यस्तै चित्त तृष्णा रहित छ भने दुःख निरोध हुन्छ । त्यसैले दुःखबाट मुक्त हुनको लागि चित्तलाई तृष्णा रहित बनाई निर्मल बनाउनु पर्छ, किनकि मन नै प्रधान हो, मन नै प्रमुख हो । दुःख प्रजनन र दुःख-निर्मूल गर्ने काममा मनको विषेश ठाऊँ छ । दुःखरुपी रोगको निदान भईसकेको छ भने बाहिरी रोगको उपचार गर्नु आवश्यक छैन, त्यो ब्यर्थ हुन्छ । रोगको मूख्य जरामा नै प्रहार गर्नु पर्ने हुन्छ । मनलाई पक्रेर त्यसलाई नै बदल्नु पर्छ, मनलाई नै सुधार्नु पर्छ । बाहिरी कर्मकाण्ड द्वारा मनलाई सुधार्ने काम कदापि हुन सक्दैन । न कुनै देवता अथवा ब्रह्माको कृपादृष्टि अथवा वरदानबाट नै सम्भव हुन्छ । यसको लागि त आफैले अभ्यास गर्नु पर्दछ । अथवा यस्तो विधि अपनाउनु पर्छ जस्को सम्बन्ध सीधा मनसंग हुन्छ । यही विद्या नै विपश्यना हो । यही नै

धर्म-सिद्धान्तको व्यावहारिक पक्ष हो । त्यसैले भगवानले यसलाई बल पूर्वक भन्नु भएको छ । यही व्यावहारिक पक्षले नै सद्धर्मको "सांदृष्टिक" अर्थात् स्वत:आफैले प्रत्यक्ष देख्न सक्ने बनाउँछ । यसबाट तुरुन्त "अकालिक" फल प्राप्त हुन्छ । साधक आफैले यसै जन्ममा यसै शरीर भित्र विमुक्तिको रस चाख्दछ । यसको कुनै बाहिरी शक्ति अथवा वरदानले होइन, आफ्नैः सत्प्रयत्नद्वारा सत्यको साक्षात्कार गर्दछ ।

हाम्रो प्रगति र पतनको कारण हामी स्वयं हो । वन्धन र मोक्षको कारण पनि हामी स्वयं हो । यस समय हामी जे-जस्तो छौं, ती आफ्नो पूर्व कर्मको परिणामको थूप्रो मात्र हौं । भविष्यमा जे-जस्तो बन्नेछौं, आफ्नै कर्मको कारण बन्दछौं । अहिलेको कर्म र भविष्यको गति बनाउने काममा हाम्रो आफ्नो अधिकार छ । हामी आफैले गाँठो बनाउँछौं र त्यसलाई आफैले फुकाउनु पर्छ । यो काम कोही अरुले आएर गरिदिँदैन ।

पैंतीस वर्षको अवस्थामा सम्यक सम्बोधि प्राप्त गरेर पछिका पैंतालीस वर्षसम्म भगवानले यसै "सांदृष्टिक" र "अकालिक" धर्मको शिक्षा दिनुभयो । लाखौं, करोडौं मानिसहरूको मिथ्या-दृष्टि हट्यो, खोक्रो रुढिवादी र परम्पराको पोल खोल्यो, निस्सार मान्यताहरूको जरा उखेलियो र मानिस भित्र रहेको असीम सामर्थ्यतालाई उजागर गरिदियो । जसको कारण उनीहरू आफ्नो खुट्टामा आफैं उभिन सक्ने भयो, नबुझेर-नजानेर बोकिरहेको बैसाखी फाल्न सक्ने भयो । तीर्थमा नुहाउनु, ब्रत लिनु, अनेक वेश-भूषा लगाउनु, पूजा-पाठ गर्नु, प्रार्थना-प्रशंसा गर्नु, अनुनय-विनय भाकल गर्नु जस्ता कर्मकाण्डलाई आफ्नो मुक्तिको माध्यम ठानेर बसेका बहिर्मुखी मानिसहरूलाई उहाँले अन्तर्मुखी बनाउनु भयो । चित्तलाई विरज-विमल बनाएर सीधा सही मार्गमा हिँड्न सक्ने एउटा यस्तो सरल तरीका बताउनु भयो जसबाट मनुष्य आफ्नो उद्धार आफै गर्न सक्ने भयो, आफ्नो मुक्तिदाता आफै बन्न सक्यो । यसरी कुनै बाह्य शक्तिमा आधारित नभई, बाह्य मान्यतामा भर नपरी मानिस स्वयं आफ्नो मार्गमा अग्रसर हुनसक्ने बल प्रदान गर्नु भयो । आत्म-निर्भरता र आत्म-विश्वास प्रदान गर्नुभयो, आत्मशरण र धर्मशरणको अनन्यता प्रदान गर्नुभयो ।

मानव जगतको यो अमूल्य दिक्षा प्रदान गर्दै आफ्नो जीवनको ८० वर्ष पूरा गरेर २५१२ (आज भन्दा २५६२) वर्ष पूर्व आजको दिनमा भगवान बुद्ध परिनिवृत्त हुनुभयो ।

- मंगल मित्र, स.ना.गो.

*(साभार- बुद्ध वर्ष २५६३, वर्ष ३६, अङ्क १, श्रावण २०६१)*

## दँ दँ पासापिं

✍ **भन्ते प्रज्ञालोक**

दँ दँ पासापिं नसंचागु ई जुल ।
त्रिरत्नया गुणगान याये माल ॥
मनुष्य चोला ब्यर्थं फुके मजिल ।
पुण्यरुपि लँ खर्च दय्‌कय् माल ॥

दँ दँ पासापिं अलसि जुये मजिल ।
प्रज्ञारुपि मिखा दय्‌के माल ॥
मोहरुपि अन्धार हटे याय्‌माल ।
भवसागररुपि दुःखं मुक्त जुय्‌माल ॥

दँ दँ पासापिं न्ह्यःवेका च्वने मजिल ।
अमुल्यगु समय सितिं छ्वय् मजिल ॥
शील समाधि प्रज्ञा बृद्धि याय्‌माल ।
अनित्य दुःख अनात्मा म्हसीके माल ॥

दँ दँ पासापिं जागृत जुय्‌माल ।
बुद्धया अमृतमय ज्ञान थुईके माल ॥
अन्धविश्वासे लाकाच्वने मजिल ।
थ्व महाभवसागर तरे जुय्‌माल ।

दँ दँ पासापिं मम्य वीय् दय्‌क्य माल ।
मनुष्य जुयागु लक्ष्य पुरे याय्‌माल ॥
राग, द्वेष, मोह क्लेशं छुटय् ज्वीमाल ।
थुपिं माररयात त्याकाः मोक्ष खंकेमाल ॥

*"अहिंसक र सदाकाल काय संयमी भइरहेका मुनिजनहरू कहिले पनि पतन नहुने र शोक रहित जीवन बिताउन सक्नेछ ।" - धम्मपद*

*"मुर्खहरूले आफैलाई सत्रु बनाएर पाप कर्म गर्छन् । त्यही पाप कर्मको कटु फल पछि आफैलाई प्राप्त हुनेछ ।" - धम्मपद*

# विशेष गुणले सम्पन्न योग्यगुरु

✍ भिक्षु अश्वघोष

गुरु बन्ने चाहना र इच्छा धेरैजसो व्यक्तिमा हुने गर्छ। तर इच्छा हुँदैमा योग्यता विना योग्य गुरू बन्न सम्भव छैन। भगवान् बुद्ध विशेष गुणले सम्पन्न योग्य गुरु हुनुहुन्छ। कस्तो व्यक्तिलाई कस्तो व्यवहार प्रयोग गरी शिक्षा दिनु पर्दछ भन्ने ज्ञानका दाता भगवान् बुद्धले प्रचण्ड स्वभावका विभिन्न व्यक्ति हरूलाई दमन गरी शिक्षा दिन सफल हुनु भएको थियो। ती व्यक्तिहरूलाई दमन गर्नका लागि कुनै बाह्य शस्त्र एवं हतियार प्रयोग गर्न परेन अर्थात् हिंसात्मक कार्य अपनाउनापरेन। उहाँको सकारात्मक सोचाई एवं उपायद्वारा उनीहरूलाई दमन गर्नुभएको थियो उहाँले।

उदाहरणको लागि आलवक नामक क्रोधी एवं राक्षसी स्वभावका व्यक्तिलाई भगवान् बुद्धले उहाँले शुद्ध क्षान्ती (सहनशीलता) बलले दमन गर्नुभई एक असल भलादमी एवं शिक्षित व्यक्तिको रूपमा परिणत गरिदिनु भएको थियो। यसरी नै उहाँले हिंस्रक अंगुलिमाललाई ऋद्धि युक्त करूणा बलले दमन गर्नु भएको थियो। यस्तो घटनामा कुनै पनि व्यक्तिको एक थोपा रगत पनि चुहाउन परेन। सयौं मानिसहरूका हत्यारा अंगुलीमाललाई भगवान् बुद्धले बताउनु भएको ज्ञानबर्द्धक शिक्षाले परिवर्तन भई शान्त दान्त भिक्षु अहिंसक बनेका थिए। यसरी नै घमण्डी उरूबेल काश्यप, गया काश्यप र नदी काश्यप नामक ऋषीहरू भगवान् बुद्धको विशेष गुणले युक्त प्रभावकारी शिक्षाले प्रभावित भई उहाँ समक्ष नतमस्तक बनी बुद्ध अनुयायी बनेका थिए।

आक्रोशक ब्राह्मणले भगवान् बुद्ध प्रति क्रोधित बनी उहाँलाई गधा, गोरू, भेंडा आदि संज्ञा दिई मनपरि गाली गर्न आएका थिए। यस्तो अवस्थामा पनि भगवान् बुद्ध मुसु मुसु हाँसी यसरी जवाफ दिनु भएको थियो–

"महासय ! तपाइँले मेरो लागि भनी बोकेर ल्याउनु भएको गधा, गोरू, र भेंडा जस्ता कोशेली मलाई चाहिँदैन, यसलाई मैले स्वीकार गर्न सक्दिन। त्यसैले ती सबै कोशेली तपाईले नै फिर्ता लिनुहोला।"

क्रोधका आवेगमा दुषित चित्तले ग्रसित भई निर्दोष बुद्धलाई मनपरि गालि गर्न पुगेका ब्राह्मणलाई भगवान् बुद्धले मुसु मुसु हाँस्दै प्रयोग गर्नु भएको मैत्रीपूर्ण वचनले प्रभावित पार्‍यो। फलस्वरूप ब्राह्मणको हृदय परिवर्तन भयो। ब्राह्मणले बालेको द्वेषपूर्ण आगोमा भगवान बुद्धले मैत्रीयुक्त शीतल जल खन्याई शीतलता प्रदान गर्नु भएको आभाष मिल्यो। यसरी भगवान बुद्धको शिक्षामा कुनै हिंस्रक घटना प्रयोग भएको देखिदैन। अहिंसक गुरूको योग्य गुण हो यो।

भगवान बुद्धले समाजमा व्यापक रूपमा फैलिएको कुलभेद र जातीभेद विरूद्ध यसरी अभियान चलाउनु भएको थियो।

**"न जच्चा वसलो होति न जच्चा होति ब्राह्मणो**
**कम्मना वसलो होति कम्मना होति ब्राह्मणो"**

अर्थात् जन्मले कोही नीच एवं ब्राह्मण हुँदैन। कर्म वा कामले नै नीच र ब्राह्मण हुनेछ। आफूले बोलेको कुरालाई काम गरेर नै देखाउन सक्षम हुनु भएका भगवान बुद्धले माथि उल्लेखित कथनलाई व्यवहारमा लागु गरेर नै देखाउनु भएको थियो। उहाँले ब्राह्मण देखि पोडे जातका व्यक्तिहरू समेत समावेश गरी भिक्षु संघ गठन गर्नुभयो।

भगवान् बुद्धले बताउनु भएको शिक्षामा जातिभेद मात्र होइन लिङ्गभेद पनि छैन अर्थात् पुरूष र स्त्री जाती बिच कुनै भेदभाव छैन। उहाँले भिक्षु भिक्षुणी,उपासक र उपासिकाहरूलाई उनीहरूको आ-आफ्नो योग्यतानुसार एवं क्षमतानुसार समान रूपमा पदवी प्रदान गर्नु भएको थियो। नारी पुरूष बीचको भेदभाव गर्ने तत्कालिन समाजको संकुचित एवं स्वार्थपूर्ण भावनालाई भगवान बुद्धले विरोध गर्नु भएको थियो।

भगवान् बुद्धले यसरी भन्नु भएको छ–

"अत्ताहि अत्तनो नाथो कोही नाथो परोसिया" अर्थात् "आफ्नो मालिक आफै हो। अरू कोही हुन सक्दैन" मन शुद्ध पार्न नसके सम्म कोही व्यक्ति दुःखबाट मुक्त हुन सक्दैन। तर आफ्नो मनलाई अरूले शुद्ध पारिदिन सक्दैन। आफैले शुद्ध गर्नुपर्ने हुन्छ। कोही पनि योग्य गुरूले त केबल चित्त शुद्ध पार्ने मार्ग मात्र देखाउन सक्नेछ।

भगवान बुद्ध भन्नुहुन्छ–

**"सब्ब पापस्स अकरणं कुसलस्स उपसम्पदा**
**सचित्त परियोदपनं एतं बुद्धानु सासनं।"**

अर्थात् “कुनै पापकर्म नगर्नु, पुण्य असल कार्यहरू मात्र गर्नु, आफ्नो चित्त परिशुद्ध गर्नु । बुद्धहरूले सिकाउनु भएको शिक्षा नै यही हो ।”

यहाँ प्रमुख कुरा मनको हुन आउँछ । मन शुद्ध नगरेसम्म जीवन सफल हुने छैन । भगवान् बुद्धले स्वतन्त्र चिन्तनलाई बढी महत्व दिनुहुन्छ । उहाँले कहिले पनि कसैलाई पनि मेरो शिष्य बन्नु, मेरो शरण पर्नु भन्नु भएको छैन । उहाँले भन्नुहुन्छ–

“मैले बताएको कुरा भन्दैमा, इतिहासमा उल्लेखित कुरा हुँदैमा, स्वीकार्नु पर्छ भन्ने छैन । कुनै पनि कथनलाई स्वीकार्नु भन्दा पहिला आफ्नो स्वतन्त्र दिमागले त्यस कुरा ठीक छ छैन जाँचेर हेर्नु पर्छ । यदि त्यो कुरा न्यायसंगत ठहरिएमा मात्र स्वीकार गर्ने होइन भने त्यागि दिने । सुनारले सुनलाई विभिन्न उपाय प्रयोग गरी परीक्षा गर्छ र यदि त्यो सक्कलि सुन भएमा मात्र स्वीकार गर्दछ त्यसरी नै हामीले पनि जुनसुकै कथनलाई पनि आफ्नो दिमाग रूपी कसीमा घोटेर हेर्नुपर्छ जाँच्ने गर्नुपर्छ ।”

यसरी २५ सय वर्ष पहिला नै स्वतन्त्र चिन्तनको सन्देश फैलाउनु हुने भगवान् बुद्धलाई निश्वार्थ एवं योग्य गुरूको रूपमा लिन सकिन्छ । कुशल केहो, अकुशल केहो, धर्म के हो र अधर्म के हो, यस विषयमा राम्ररी स्पष्ट पार्न सक्नु नै उहाँको विशेषता हो । भगवान् बुद्ध परिनिर्वाण हुने बेला उहाँले भिक्षुहरूलाई सम्बोधन गर्नु हुँदै भन्नुभएको थियो–

“मेरो अन्तिम समय आउँदैछ, त्यसैले मैले आफ्नो जीवनकालमा जति पनि धर्मोपदेश गरेको छु, त्यसमा नबुझेको विषय कुनै छ भने, भ्रम एवं शंका रहेको छ भने अहिले नै सोधे पनि हुन्छ । तर कोही व्यक्तिवाट कुनै प्रश्न नआएपछि उहाँले भन्नुभयो–

**“अप्पमादेन सम्पादेथ”**

अर्थात् हरेक क्षण, पाइला पाइला पिच्छे होश राख्ने गर्नु । यस बुद्ध वचनलाई गहिरिएर विचार गरौं कति दूरदर्शी हुनुहुन्छ भगवान बुद्ध ! कत्रो महान् गुरु हुनु हुन्छ उहाँ । ■ *( साभार- ‘असल शिक्षा’ भाग-८ )*

## जन्मया सार

✍ **लेलिन शाक्य**

जन्म ब्यू थें मामं थन
जन्म जुयागु सार जुइमा:
दइमखु हाकनं थुगु जन्म
सुकर्म याना: यश तय्मा:
बरदान ख: थ्व जन्म
द्यवं ब्यु थें ब्यूगु मामं
छ्वय्मज्यू थ्वैत सितिं
छ्वय्मज्यू थ्वैत सितिं
याय्मा: सार तमाम
मजूसा सार जन्म जू थें
धिक्कारे याइ थ:गु मनं
जन्म ख: थ्व मामं ब्यूगु
त्वय्त निभाल थें दन्न
स्वय्दइमखु संसार थ्व
मब्यूसा जन्म मामं थुलि
अनित्य जूसां केना बिल
गुण मांया गुलि दु गुलि ॥

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**

*बूगु न्हि :*
*बि.सं. २००१*
*कार्तिक १ गते*
*मंगलवार*



*मदुगु न्हि :*
*२०७७*
*आश्विन ६*
*गते मंगलवार*

**मदुम्ह झ्यापु महर्जन, लाजिम्पाट**

धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन खल:या दुज: उपासिका झ्यापु महर्जन दिवंगत जुयादिल । ज्ञानमाला भजन हाला: बुद्ध शिक्षा थ्वीका: पालन यानादीगु पुण्य वयक:या परलोक जीवनय् आधार ज्वीमा । वय्क:या छ्यैंज:पिसं नं बुद्ध शिक्षां क्यनाच्वंगु अनित्य स्वभावयात थ्वीका: धैर्य धारण याय् फय्मा । मदुम्ह झ्यापु महर्जनयात निर्वाणया हेतु याकनहे चूलाय्मा धका: कामना यासे पुण्यानुमोदन याना ।

**धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन**
धर्मकीर्ति विहार

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्भन्ति तेसं वूपसमो सुखो



*बूगु न्हि :*
*बि.सं. २००१ पुष १४ गते*

*मदुगु न्हि :*
*बि.सं. २०७७ असार १३ गते*

# मदुम्ह नीलमान सिं तुलाधर

पूर्णहेरा भोजन पुचः धर्मकीर्ति विहारया नकिं उपासिका पूर्णहेरा तुलाधरया जहान नीलमान सिं तुलाधर दिवंगत जुयादिल । थःगु जीवनकालय् उपासक नीलमानसिं तुलाधरं बुद्ध शिक्षायात थ्वीकाः गुलिनं पुण्य सञ्चय यानादिल, उगु पुण्यया आधारं वयकःया परलोक जीवन सुखमय जुयाः याकनहे निर्वाणया हेतु चूलाय्मा धकाः कामना यासे पुण्यानुमोदन यानाच्वना । थुगु दुखद घडी, उपासिका पूर्णहेरा पुचःया छ्यैंजःपिसंनं बुद्ध शिक्षां क्यनाच्वंगु त्रिलक्षण स्वभाव (अनित्य, दुःख व अनात्म) यात थ्वीकाः धैर्य धारण याय्फय्मा धकाः कामना याना ।

## पूर्ण हेरा भोजन पुचः

धर्मकीर्ति विहार

# मति राम्रो भए गति राम्रो हुन्छ

✍ **धम्मवती**

**मनोपुब्बङ्गमा धम्मा - मनोसेट्ठा मनोमया**
**मनसा चे पदुट्ठेन - भासति वा करोति वा**
**ततो नं दुक्खमन्वेति चक्कं व वहतो पदं ।**

अर्थ- जुन अवस्थामा पनि मन अगाडि जान्छ । त्यसैले, मन मुख्य हो, मनद्वारानै संसार बनिराखेको छ । गाडा तानेर ल्याउने गोरुको पछि-पछि पाङ्ग्रा गुडेर आएझैं खराब नियत हुने व्यक्तिको पछि-पछि दुःख आउँछ ।

**मनोपुब्बङ्गमा धम्मा - मनोसेट्ठा मनोमया**
**मनसा चे पसन्नेन - भासति वा करोति वा**
**ततो नं सुखमन्वेति छाया व अनपायिनी**

अर्थ- जुन अवस्थामा पनि मन अगाडि जान्छ । त्यसैले, मन मुख्य हो, मनद्वारानै संसार बनिराखेको छ र सँगसँगै हिंड्ने छाँयाझैं राम्रो नियत हुने व्यक्तिको पछि-पछि सुख आउँछ ।

माथिका अर्थ सहितका दुई पालि गाथाहरू ' धम्मपद' नामक किताबबाट निकालिएका हुन् । यी गाथा वा श्लोकहरूका सार हो – मति राम्रो भए गति राम्रो हुन्छ । अर्थात्, मन शुद्ध हुनुपर्दछ ।"

आजभोलि संसारको रूप बदलिसकेको सबैले अनुभव गरेको हुनुपर्दछ । अहिले असल नियत हुनेहरू भन्दा खराब नियत हुनेहरू धेरै भएर आएका छन् । मानिसहरू रूप र बोलिबाट आफ्नो मनसाय थाहा हुन दिंदैनन् तर उनीहरूले गरेका कामहरूले उनीहरूको स्वार्थपना झल्काइरहेका हुन्छन् । वर्तमान स्थिति यस्तो भएतापनि गति सुधार्न वा भविष्य उज्ज्वल बनाउन मति राम्रो नपारी हुँदैन । मति राम्रो नहुने व्यक्तिले केही समयको लागि आफ्नो उन्नति गरे पनि उसबाट अरुले केही लाभ गरेको हुँदैन । उसको धार्मिक कार्यलाई पनि मानिसहरू "त्यो मानिस गतिलो छैन देखावटी धर्ममात्र गरेको हो" भनी उसको निन्दा गर्न पुग्छन् । उसको बाहिरी लवाई-खवाई ठीक भए तापनि आफ्नै कुकर्मको सम्झनाले उसलाई भित्रभित्रै पोलिराखेको हुन्छ ।

अप्ठेरोपनलाई सहेर, मति राम्रो पारेर काम गर्नुमा मानसिक शान्ति हुन्छ । यसकै फलस्वरुप कुनै-कुनै राष्ट्रहरूमा असल मानिसहरूको संख्या बढेर ती राष्ट्रहरूको भौतिक र मानसिक उन्नति दुबै भएर आएका छन् ।

"पानी बलियो भयो भने पानीले जित्छ, आगो बलियो भयो भने आगोले जित्छ" भन्ने हाम्रो उखान छ । घरमा बेस्सरी आगो लाग्दा पानी जति हाले पनि आगो ननिभी पानी समेत बलेर जान्छ । त्यस्तै, भात पकाउँदा उम्लेर माड पोखियो भने मेहनत गरेर बालिराखेको आगो पनि निभ्दछ । तर हामी यो कुरा नबिर्सौं कि आगोसँग पोल्ने स्वभाव हुन्छ भने पानीसँग शीतल पार्ने क्षमता हुन्छ । हामी शान्ति र शीतलता चाहन्छौ भने "आगो बलियो भयो भने आगोले जित्छ" भनी निराश हुनुहुँदैन । आगो लाग्दा निभाउने कोशिशै नगरी बस्यौं भने आगोले एक-दुई घरमात्रै होइन, पूरा गाउँ वा शहरै जलाउन सक्दछ ।

मानिसहरूलाई, राग, द्वेष र मोहरूपी आगोले सल्काइ रहेको हुन्छ । यही आगोले सामाजिक उत्थानमा बाधा पुऱ्याइरहेको छ । यस्तै कुराले गर्दा नै बुद्धले आज्ञा गर्नुभएको थियो –

**कोनु हाँसो किमानन्दो निच्चं पज्जलिते सति**
**अन्धकारेन ओनद्धा पदीपं न गवेस्सथ ।**

अर्थ- सधैं आगोको ज्वाला दन्कीरहेको ठाउँमा के हाँस्ने र के आनन्द लिने ? अन्धकारले ढाक्दा पनि (तिमीहरूले) बत्ति किन नखोजेको ?

राम्रो मतिले काम गर्ने व्यक्तिलाई पनि शत्रुहरूको कुचक्रले गर्दा, दुर्घटना आदि भएर दुःख आइपर्न सक्छ । तर 'सत्य मेव जयते' भने जस्तै उनीहरूको अन्त सुखपूर्ण नै हुन्छ । यही सिलसिलामा यहाँ एउटा कथा प्रस्तुत गरिन्छ –

धेरै वर्ष अगाडि गाउँको एकजना साहुको घरमा काम गर्ने १० वर्ष जतिको केटो थियो । उसका आमाबाबु, दिदी-बहिनी, दाजु-भाई कोही थिएनन् ।

केटो दिनदिनै नजिकको जङ्गलमा साहुका भेंडाहरू लगी चराउने गर्दथ्यो । एकदिन भेंडाहरू चराइरहेको बेला उसले एकजना बटुवालाई देख्यो । त्यस बटुवाको लवाई-खवाईले धनी जस्तो लागे पनि हिंडाई र मुखको अँध्यारोपनले उसको चिन्तित अवस्था प्रस्ट्याउँथ्यो । ऊ

यसरी हिंड्दै गर्दा उसको पटुकामा बाँधिराखेको धनको पोको खसेको उसले चालै पाएनछ ।

एकछिन पछि केटोले त्यो पोको देखेछ । "यो पोको भर्खर यहाँबाट जाने बटुवाको हुनुपर्दछ" – उसले सोच्यो र दगुरेर गई बटुवालाई पोको दियो । इमान्दार केटोलाई हेर्दै उसले भन्यो– "मेरो धन ल्यादिएकोमा धन्यवाद छ । बाटो भुलेकोले बाटो खोज्दाखोज्दै थकान र भोकले ग्रस्त भईसकेको छु, धनको पोको खसेको पनि चाल पाईन ।"

केटोले 'बटुवा भोकै रहेको' भन्ने जानेर "तपाईं यहिं बस्नुस्, म अहिले आउँछु" भनेर कुद्दै गयो र आफ्नो दिउँसोको खाजा ल्याइदियो । खाजा सबै खाइसकेर बटुवाले भन्यो– "तिम्रो चिउरा र तरकारी मेरो निम्ति अमृत सरह भयो । यसको बदलामा म तिमीलाई यो धनको पोको दिन्छु ।" केटोले आफ्नो हातमा थमाईदिएको धन फर्काउँदै भन्यो– "मैले तपाईंलाई खाजा ख्वाएको पैसाको लोभले होइन । आफ्नो धर्म निभाएकोमा मलाई पैसा चाहिंदैन ।" २-३ पल्ट भन्दा पनि केटोले पैसा लिन मानेन । बटुवाले फेरि सोध्यो– "तिमीलाई फुर्सद छ भने मलाई शहर जाने मूलबाटोसम्म पुऱ्याइदिन सक्छौ ?"

शहर जाने मूल बाटोसम्म उनीहरू आइपुग्दा साँझ पर्न लागिसकेको थियो । बिदा हुने समय बटुवाले आफूले लगाइरहेको हिराको औंठी फुकालेर केटोलाई दिएर भन्यो– "मेरो चीनोस्वरुप यो औंठी लिइराख्नु मौकामा काम आउला ।" केटोलाई औंठी हिराको हो भन्ने थाहा थिएन । औंठी आफ्नो औंलामा नमिल्ने भएकोले सानो कपडाको टुक्रामा पोको पारी घाँटीमा जन्तरझैं झुण्ड्याइराख्यो ।

केटो भेंडाहरू लिएर बेलुकी घर फर्कंदा साहुले सँधैझैं भेंडाहरू गनेर हेऱ्यो । एउटा भेंडा नपुग भएकोमा रिसाएर साहुले भन्यो– "हराएको भेंडा खोजेर ल्याएस् । भेंडा भेट्टाउन सकिनस् भने तँ पनि घरमा नपसेस् ।"

केटोले दिनभरी केही खाएको थिएन । अँध्यारो भईसकेकोले भेंडा भेट्टिने आशा धेरै कम भए पनि ऊ जङ्गलतिर लाग्यो ।

रात परेकोले जङ्गलमा भेंडो खोज्न त परै जावस् एक्लै हिंड्न पनि डरलाग्दो भएर आयो । रात बिताउन लायकको ठाउँ खोज्दाखोज्दै ऊ एउटा झुप्रोनिर आइपुग्यो । उसले एकिछन ढोका ढक्ढक्याएपछि त्यो खुलियो ।

केटोमा जति कोमलता थियो, ढोका खोल्न आउने व्यक्ति त्यतिनै कठोर देखिन्थ्यो । विशेष कारण नभएदेखि केटो सायद उसित नबोलिकनै आफ्नो बाटो लाग्थ्यो होला ! उसका बलिया देखिने हात खुट्टाले उसको शक्ति झल्काइरहेको थियो भने उसको डरलाग्दो अनुहारबाट ऊ निर्मम पनि छ' भन्ने अड्कल लगाउन सकिन्थ्यो । अहिले, उसको शान्ति भङ्ग पार्न आएकोमा उ अलि रिसाएको थियो ।

"एक रातको लागि बास पाइएला कि भनेर ..." केटोले मसिनो स्वरमा भन्यो ।

केटोको कोमल वचनले ढोका खोल्न आउने व्यक्तिको अनुहारमा देखेको रीस शान्त भयो । उसले केटोलाई भित्र लगी एकछिन कुराकानी गऱ्यो र पछि खानेकुरा ख्वाई सुतायो ।

भोलिपल्ट त्यो व्यक्ति केटोसँगै शहर गयो । बजारको एउटा पसलमा ग्राहकहरू थुप्रै थिए । उसले केटोलाई भन्यो– "तिमी त्यो पसलमा गएर साहुले नदेख्ने गरी एक थान कपडा लिएर आऊ, म यहिं बसिराख्छु ।"

केटोलाई शुरुदेखिनै त्यो व्यक्ति बदमाश हो भन्ने शङ्का थियो । अब उसको कामधन्दाको बारेमा पनि थाहा भयो । उसले भन्यो– "काका, म ल्याउन सक्दिन ।"

"मैले तँलाई ख्वाएर घरमा सुताएको त्यसै होइन । मेरो काममा सघाइनस् भने म तँलाई कुट्छु ।" उसले यसरी हप्काएपछि केटो डरले 'हुन्छ' भनेर त गयो तर पसल अगाडि पुगेर भित्र नपसी अन्तै भाग्यो । त्यस मान्छेले केटोलाई बल्लबल्ल खोजेर घर ल्यायो । ४-५ थप्पड लगाएर केही नख्वाई घरमै थुनिराख्यो ।

अर्को दिन बेलुका केटोलाई लिएर त्यो मान्छे फेरि शहरको बाहिरपट्टिको इलाकामा पुग्यो । रातपरेपछि उसले महलजस्तो एउटा घरको भित्ता फोड्न थाल्यो । केटो पस्न सक्ने जतिको प्वाल बनेपछि उसले केटोलाई भन्यो– "तिमी भित्र पसी धन बटुलेरल्याउ, म यहाँ कुरिराख्छु ।"

केटो प्वालबाट भित्र छिरेर खोपिमा पुग्दा साहु मस्त निन्द्रामा थियो । उसले साहुलाई उठाएर स्थितिको जानकारी दियो । साहु 'चोरलाई कुटुछु' भनी एउटा लामो लट्ठी लिई अँध्यारोमै बाहिर निस्क्यो ।

एकछिनको झगडा पछि चोरले साहुको पेटमा छुरा घोपिदियो, दिशा पहिल्याउँदै भाग्न खोज्यो । तर मूल

सडकसम्म आउन नपाउँदै अनि ऊ अन्जान साहुका नोकरहरूले उसलाई समाते । रगत धेरै बगेको बेहोश भई ढलिराखेको साहुलाई अस्पताल पुऱ्याइयो । पछि केटोलाई पनि चोर होकि भन्ने शङ्काले जीउ छामेर हेर्दा उसले जन्तर बनाई लगाइराखेको हिराको औंठी देखे । 'यस्तो महँगो औंठी छातिमा झुण्ड्याइराख्ने यो पनि चोरै हुनुपर्छ' भनी उसलाई पनि चोरसँगै अञ्चलाधिशलाई बुझाइदिए ।

अञ्चलाधिश त केटोले जङ्गलमा भेट्ने उही बटुवा पो रहेछन् । दुबैले एक अर्कालाई चिने । केटो कसरी चोरको हातमा पऱ्यो बुझ्नलाई उसले उसलाई पनि चोर थुनिराखेकै कोठामा राखिदिए र आफू बाहिर लुकी उनीहरूले गरेका कुराहरू सुनिराखे ।

चोर– "मोरो, तँ भित्र पसेर के गरिस् ? तैंले नै साहुलाई सबै पोल खोलिदिइस् हैन ?"

अञ्चलाधिशलाई देखिसकेपछि केटोमा अलि स्फूर्ति आइसकेको थियो । उसले भन्यो– "मैले तपाईंलाई पहिल्यै त्यस्तो काम गर्दिन भनेको थिएँ । मलाई जबर्जस्ती भित्र हुल्याइ दिनुभयो ।"

अञ्चलाधिशले 'केटोलाई तर्साएर चोर्न लगाएको हो, ऊ आफ्नै खुशीले चोर्न गएको होइन' भन्ने थाहा पायो, त्यसरात उनीहरूलाई केही नभनी आफ्ना घर फर्के ।

भोलिपल्ट बिहानसम्ममा साहुको पनि होश फर्किसकेको थियो । साहुले आफ्नो बयानमा 'चोरले भित्ता फोडी केटोलाई भित्र पसाइदिएको तर केटो भित्र आई उसलाई सबै कुरा बताईदिएको र वास्तवमा ऊ चोर नभएको' ब्यहोरा सुनायो । अञ्चलाधिशले पनि साहुलाई आफूले केटोलाई जङ्गलमा भेटिसकेको कुरा सुनाउँदै उसको इमान्दारीताबाट प्रभावित भई मैले नै त्यो हिराको औंठी दिएको हुँ' भने ।

'आफू कसरी चोरको हातमा पऱ्यो' भन्ने कुरा केटोले आफ्नो बयानमा भन्यो ।

आफ्नो धनको सुरक्षा गरिदिएकाले टुहुरो केटोलाई आफ्नै घरमा काम दियो र उसको शिक्षादिक्षा, बन्दोबस्त पनि गरिदियो । ■

*(साभार- मति राम्रो भए गति राम्रो हुन्छ उखानको कथा संग्रह 'नैतिक शिक्षा')*

---

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



## मदुम्ह गोविन्द रञ्जित

*बूगु न्हि : बि.सं. २०१० भाद्र १६ गते*
*मदुगु न्हि : २०७७ भाद्र ९ गते*

धर्मकीर्ति पत्रिकाया विशेष सदस्य गोविन्द रञ्जित दिवंगत जुयादिल । वय्कःया परिवार छ्यँजःपिसं थुगु दुःखद् घडी बुद्ध शिक्षायात थ्वीकाः जन्म कयागु हे छन्हु सीगु लागि खः धकाः थ्वीकाः धैर्य धारण यानादिल हे ज्वी धकाः मनं तुनाच्वना । मदुम्ह उपासक **गोविन्द रञ्जित**या सुगति कामना यासे वय्कःयात निर्वाणया हेतु याकन हे चूलाय्मा धकाः पुण्यानुमोदन यानाच्वना ।

**धर्मकीर्ति पत्रिका परिवार**
धर्मकीर्ति विहार, श्रीघः नःघः, यँ

# तण्डुलनाली जातक

✍ प्रकाश बज्राचार्य

राजा हुँदैमा धनी हुनु पर्ने भन्ने केही छैन । धनी हुँदैमा पैसा पुग्ने भन्ने पनि केही छैन । त्यो राजा धनी छ, तर पैसाबाट सन्तोष ऊ कहिले नै भएको छैन । ऊ मितव्ययी छ, पैसा बढि खर्च गर्न चाहँदैन, धेरै मान्छेले उसलाई कंचुस पनि भन्ने गर्छन् । आफूलाई ' कंचुस' भन्नेहरूलाई उसले वास्ता गर्दैन, उनीहरूलाई पैसाको महत्व नबुझ्ने तुच्छ मानिस थान्छन् । उसले अरूलाई चित्त बुझोस्, नबुझोस् आफ्नो चित्त बुझेमा पुगिहाल्योनि भन्ने खालको राजा हो ऊ !

पैसा बचाउने हजारौं उपायहरू विचार गर्छन् उसले । आज पनि झ्यालमा बसी पैसा बचाउने उपाय खोज्दैछ । पैसा बचाउने तर्खरमा पैसा खर्च हुने ठाउँहरू एक एक गरी विचार गर्न थाले । किनमेल गर्दाखेरी नै पैसा कम तिरेर किन्न संकेत धेरै पो पैसा बच्ने छ त - राजाले विचार गरे । तर राजदरवारमा किनमेल गर्दा भाऊ मिलाउने व्यक्ति भने बेच्नेलाई नपुग्ने गरी पैसा चाहन्दैन । हुनत उसले काम गरिराखेको चित्त नबुझ्दो पनि छैन, तर पैसा बचाउने बाटो पनि खोज्नु पर्‍यो नि । जे होस् त्यो भाउ मिलाउने व्यक्तिको ठाउँ अर्को पैसा जोगाउन सक्ने मान्छे हालिदिनु पर्‍यो । राजाले विचार गर्दै गयो । तर हाल्ने कसलाई ? किनमेल गर्दा पैसा बढि खर्च हुन नदिने व्यक्ति को छ त ? को छ ? को राख्ने ?

संयोगको कुरो ! त्यति नै बेला राजाले बाटोमा लुखुर लुखुर हिंडिराख्ने एकजना लठेब्रो देखिहालें । पक्कै पनि यो मान्छेले मेरो पैसा जोगाउन सक्ला भन्ने राजालाई लाग्यो । तुरन्तै त्यो लठेब्रोलाई डाक्न पठाए, तुरन्तै राजदरवारमा किनमेल गर्ने, मोलभाव गर्ने काम उसलाई सुम्पिदियो ।

नयाँ मूल्य नियन्त्रकलाई कसैले मनपराएको थिएन, न कोही ऊ देखी सन्तुष्ट नै थिए । तर पनि ५०० घोडाहरू बेच्न आउने एकजना ब्यापारीलाई उसैकहाँ जानु पर्ने भयो, आफ्ना घोडाहरू दरवारमै बेच्नु पर्ने उसलाई ।

मूल्य निर्धारकले घोडाहरू हेरे । अति अनुभवी व्यक्तिले जस्तै स्वांग गर्दै हरेक घोडालाई ठोक बजार्दै हेर्न थाले । अन्तमा आँखि भुइँ खुम्चाउँदै भने उसले "महाजन, यी घोडाहरू मैले राम्रैसँग हेरिसकें । राजदरवारले यी घोडाहरूको मूल्य एक तण्डुलनाली मात्रै दिन सक्छ !"

ब्यापारी तीनछक्क परे । ५०० घोडाहरूको मूल्य एक तण्डुलनाली ? अन्याय ! तर उसले केही बोल्न पनि सकेन, राजदरवारको निर्णयलाई विरोध गर्ने क्षमता उसमा छैन ।

निरास भई हातमा एक तण्डुलनाली लिई निन्याउरो मुख पारेर ऊ त्यहाँबाट फर्के । घर जाने हिम्मत पनि आएन विचरोलाई । ५०० घोडाहरू गुमाइसकेपछि घरमा मुख देखाओस् पनि कसरी ? रिसले चूर छ ऊ भित्रबाट, तर बोल्न सक्ने केही होइन । पहिलेको मूल्य निर्धारक कति राम्रो थियो, कति इमानदार थियो, विचार गर्दै हिंडे ऊ । पहिलेको मूल्य निर्धारकले सायद मलाई केही मद्दत गर्न सक्लाकि भन्ने विचार गरी त्यो ब्यापारी पुरानो मूल्य निर्धारकको घरतिर लम्कन थाले ।

उक्त पुरानो इमान्दार मूल्य निर्धारकको अगाडि गई ब्यापारीले आफ्नो कुरो जम्मै भने । हो, यो त अन्याय हो भन्ने ठानी मूल्य निर्धारकले ब्यापारीलाई कुरो सिकाउन थाले ।

भोलिपल्ट राजमहलमा दरवार बस्यो । दरवारमा उही ब्यापारी तुप्लुक्क आइपुगे । आउँदैमा भनीहाले "महाराज ! म तपाइँको योग्य मूल्य निर्धारकसँग आफ्नो सामानको मूल्य निर्धारण गर्न चाहन्छु ।"

सबै भारदारहरू खचाखच भरेको ठाउँमा जनताको अनुरोधलाई राजाले नाइँ भन्न सकेन । ब्यापारीले कुरो थपे, "महाराज, मेरा ५०० घोडाहरूको मोल कति पर्छ, जानी पाउँ ।"

राजाले नयाँ लठेब्रो मूल्य निर्धारकलाई बोलाउन पठाए । उसले आएर घोषणा गरे, "महाराज, ५०० घोडाहरूको मोल एक तण्डुलनाली हो ।"

भित्र भित्र राजा दंग भए, मूल्य निर्धारकले कंचुसीपन देखाएको उसलाई धेरै मनपर्‍यो । भाइ भारदारहरू चाहिं कानेखुसी गर्न थाले । ब्यापारीले कुरा थपे, "हिजो मैले ती ५०० घोडाहरू बेचिसकें । अब मसँग एउटा तण्डुलनाली मात्रै बाकि छ । यो तण्डुलनालीको मोल जान्न पाउँ ।"

मूल्य निर्धारकले चारैतर्फ आँखा दौडाए। सबै आफूतिर हेरिरहेको। अनि बिस्तारै आफ्नो गोजीमा चाल नपाउने गरी छोई हेरे। हिजो बेलुकी त्यो ब्यापारीले उसलाई दिएर गएको पैसा त्यहीं छ। उसले भने– “महाराज, यो तण्डुलनालीको मोल हो–तपाइँको राज्य बाराणसी सबै।”

खलबल मच्चियो। एउटा तण्डुलनालीको मोल बाराणसी ! त्यो नयाँ मूल्य निर्धारकलाई हिजो बेलुकी नै ब्यापारीले घूस खुवाएर कुरा सिकाएको कसैलाई थाहा थिएन, सिवाय् पुरानो मूल्य निर्धारकलाई, जसको सल्लाह अनुसार नै ब्यापारीले त्यसो गरेको थियो। सभामा कोही हाँस्न थाले, कोही खुसुरपुसुर गर्न थाले। राजालाई आत्थु आत्थु। पछाडिबाट गाइँ गुइँ गरेको सुनियो– “कस्तो मूर्ख मान्छेलाई मूल्य निर्धारक गरेको हो हाम्रो राजाले”, “कस्तो राजा हो यो ! ?” “राजाले अब बाराणशी कसरी बेच्ने हो हेरिहालौं ! !” राजा त शरमले भुतुक्कै भयो। कत्ति बेरसम्म केही बोल्नै सकेन। बल्ल अलि होश आएपछि हुकुम जारी गरे, निकालिदे यो मूर्ख मान्छेलाई ! आजदेखि फेरि पुरानै मूल्य निर्धारकलाई राख। अँ, यो ब्यापारीका घोडाहरूको पनि उचित मोल दिइदेऊ।”

राजाको हुकुम ! भने मुताविक सबै कुरो भयो। पुरानो इमान्दार मूल्य निर्धारक आफ्नै पदमा फेरि आए। ब्यापारी पनि सन्तुष्ट भए।

यो जातक कथा भगवान् बुद्धले लालउदायी भन्ने मूर्ख भिक्षुको कारणमा मूर्खहरूको संगतले अरूलाई हानी हुन्छ भनी देखाउँदै भिक्षु संघलाई सुनाउनु भएको थियो। यसमा नयाँ मूर्ख मूल्य निर्धारक बुद्धकालीन लालउदायी भिक्षु र पुरानो मूल्य निर्धारक स्वयं बोधिसत्व हुनुहुन्थ्यो।

*( साभार- जातक कथा )*

## धर्मकीर्ति पत्रिका विशेष सदस्य

*क्र.सं. ८९९*

**हजुरीया ताम्राकार**

महाबौद्ध, यैं

रु. २०००/–

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



**मदुम्ह**

**झ्यापु महर्जन**

लाजिम्पाट

*जन्मः बि.सं. २००१ कार्तिक १ मंगलवार*

*दिवंगतः २०७७ आश्विन ६ गते मंगलवार*

चम्पा भोजन पुचः धर्मकीर्तिया दुजः उपासिका झ्यापु महर्जन थःगु कालगति अनुसार दिवंगत जुयादिल। वय्कलं थःगु जीवन धर्म क्षत्रय् छयलाः गुलिनं पुण्य मुंकादिल उगु पुण्य, आधार जुयाः वयकःया परलोक जीवन सुथां लाय्मा, वय्कःया परिवार दुजःपिंसं थ्व संसारया अनित्य, दुःख व अनात्म स्वभावयात थ्वीकाः धैर्य धारण याय्फय्मा। मदुम्ह झ्यापु महर्जनया सुगति व निर्वाण कामना यासे पुण्यानुमोदन यानाच्वना।

**चम्पा भोजन पुचः**

**धर्मकीर्ति विहार**

श्रीघः नःघ, काठमाडौं

# श्रीलंका भ्रमण एक अनुभव

✍ **अञ्जना तुलाधर**, भोटाहिटी



श्रीलंका जहाँ बुद्ध शासनलाई, अहिलेसम्म निरन्तरता दिइराखेको देश हो भनिन्छ। त्यहाँका ७५% जनता बौद्धमार्गी छन्। बौद्ध सरकार भएको कारणले गर्दा त्यहाँ भिक्षु भिक्षुणीहरूलाई दिनुपर्ने मान्यता सम्मान नियम अनुसार छ। त्यहाँका धेरैजसो जनताहरू सरल, सुशिल देखिन्छन्। धेरै गर्मी भएको कारणले गर्दा त्यहाँका वर्ण कालो भए तापनि मन भने सफा देखिन्छ।

मंसिर २६ गते बिहान ९:३० बजे त्रिभुवन विमान स्थल पुग्यौं। २ बजे दिउँसोको (Flight) उडान थियो। ३ घण्टाको यात्रापछि करिब साँझ ५ बजे हामी Bombay पुग्यौं। Bombay मा ३:३० घण्टा ट्रान्जिटमा बस्नुपर्‍यो। बेलुकी ९:०० बजे फेरि Bombay बाट श्रीलंका उड्यौं। ११:३० बजे राती श्रीलंका पुग्यौं।

Airport को काम सकाएर होटल पुग्दा झण्डै राती १ बजि सकेको थियो। त्यहाँ हामी होटल Euro-Star मा बसेका थियौं। हलुका थाकेको हुनाले चाँडै नै निन्द्रा पनि लाग्यो।

भोलि बिहान ७ बजे सबै तयार भएर अनुराधापुर जाने कार्यक्रम थियो। सोही मुताबिक Breakfast गरेर अनुराधापुरको लागि प्रस्थान गर्‍यौं। त्यहाँ हामीले इम्बोला भन्ने ठाउँमा जानु थियो। तीन-चार घण्टापछि हामी फेरि भन्ने ठाउँमा पुग्यौं। जहाँ गुफा भित्र ढुङ्गाको ठूल-ठूला मूर्तिहरू बनाईएको थियो। भित्तामा पनि चित्रहरू एकनासले कोरिएका थिए। त्यहाँबाट तल झरेर आउँदा ठूलो आधुनिक Golden Temple को दर्शन गर्न पायौं।

त्यस देशको नियम अनुसार मन्दिर भित्र पस्न Half Pandi, Silver Less लगाउनु भनाई थियो। टोपि, जुत्ता पनि लगाउन पाउँदैनथ्यो त्यहाँका स्थानिय बासिन्दाहरू त सेतो पहिरनमा मन्दिरको दर्शन गर्न आउँछन्। त्यसपछि हामीले ५०० भिक्षुहरू भिक्षाटन मुद्रामा रहेको मुर्तिको पनि दर्शन गर्न पायौं।

भोलिपल्ट तदनुसार मंसिर २८ गते हामी Polonnaruwax भन्ने ठाउँमा पुग्यौं। त्यहाँ हामीलाई धेरै भग्नावशेष विहारहरू हेर्ने मौका मिल्यो। त्यसयुगमा बनाएर राखेका Dinning Hall, Meditation Hall, प्रवचन Hall हरू हेर्ने मौका पायौं।

त्यसपछि हामी बेलुकी महाराजले बनाउनु भएको ठूलो चैत्य भएको ठाउँमा गयौं । त्यहाँ पुग्दा मलाई स्वर्ग भन्ने ठाउँ यही हो कि जस्तो अनुभव भयो । जहाँ ठूलो सेतो चैत्य जुन हाम्रो बौद्ध भन्दा पनि तीनगुणा जति ठूलो थियो । त्यहाँका स्थानिय बासिहरू आएर नित्य पुजा गरिराखेका थिए भने भिक्षुहरूको पनि ठूलो जमात एक ठाउँमा परित्राण पाठ गरिराखेका थिए । शान्त, शीतल ठाउँमा भगवान् बुद्धका पालामा नै हामी त्यहाँ पुगेको होकि जस्तो लाग्यो । हामी पनि त्यहाँ एकछिन परित्राण पाठ गयौं अनि एकछिन ध्यान पनि गऱ्यौं ।

श्रीलंकाको दोस्रो राजधानी Sigiriya हो । त्यहाँ हामी मंसिर २९ गते पुगेका थियौं ।

त्यो बेला राजाले धेरै ठाउँलाई आफ्नो अधिनमा कब्जा गरेको रहेछ जसले गर्दा वहाँले आफू सुरक्षित हुन धेरै उचाईमा रहेको ढुङ्गा माथि दरबार बनाएको रहेछ । दरबारको चारैतिर कृत्रिम नदी बनाएका थिए । त्यो नदीमा गोही पालेर राखेको थियो जसले गर्दा आफ्नो शत्रुहरूले आक्रमण गर्न नसकोस् ।

धेरै हिँडाई पछि बल्ल भऱ्याङ्ग देखापऱ्यो । त्यही भऱ्याङ्ग चढेर हामी माथि गयौं । झण्डै १ घण्टा जति चढेपछि बल्ल गेट आईपुग्यो जहाँ सिंहको ठूलो पाउ बनाएर राखिएको थियो । त्यसपछि फेरि पनि चढ्नुपर्ने थियो यहाँ माथि हामीले ठूलो Plateform देख्यौं त्यो दरबारको कुनै भाग थियो । त्यसपछि भऱ्याङ्ग उक्लेर आउँदा त्यहाँ एउटा पोखरी देखापऱ्यो जहाँ त्यो बेलाका राजपरिवारहरू नुहाउने ठाउँ रहेछ ।

त्यसपछि हामी बुद्धका अनुयायी भिक्षुहरूले त्रिपिटक पाठलाई लिपिबद्ध ढङ्गमा लेखेका ठाउँमा गयौं । पहिले पहिले त्रिपिटक पाठ कण्ठ मात्र गर्थे । पछि त्यसलाई संरक्षण गर्नुपऱ्यो भनेर लिपिबद्ध गरेका रहेछन् ।

३० गते बिहान सबेरै दन्तधातु राखेको ठाउँमा जाने कार्यक्रम थियो । त्यो Kandy भन्ने ठाउँमा रहेछ । त्यो मन्दिरमा सबैले सेतो लुगा लगाएर जानुपर्ने रहेछ । सबै जसो मन्दिर जाँदा त्यहाँका स्थानीयबासिहरू सेतै लुगामा जान्थे । त्यहाँको नियम अलि कडा भएकोले बिदेशी पर्यटकले पनि सेतै लुगामा मन्दिर पस्नुपर्ने नियम रहेछ अन्यथा दर्शन गर्न नपाइने रहेछ । बिना अनुमति दर्शन गर्न पाइँदैनथ्यो । भित्र एजमानको कोठाभित्र दन्तधातुको दर्शन भयो । त्यहाँ फोटो खिच्न पनि मनाहि थियो । तल झरिसकेपछि एउटा ठूलो हल थियो । त्यहाँ हामीले पाठ गऱ्यौं र त्यो दिन हामी नुवारा भन्ने ठाउँतिर जानुपर्ने भएकोले हाम्रो यात्रा ५ घण्टा लामो थियो । बाटोमा हामीले चियाबगान हेर्दै चियाको Factory मा पनि गयौं । त्यहाँ हामीले सबैले चियाको स्वाद पनि चाख्ने मौका मिल्यो । त्यस ठाउँमा अरु ठाउँ भन्दा अलि चिसो थियो । पातलो स्वीटर लगाउनु पर्ने थियो ।

पौष १ गते, हामी नुवारा भन्ने ठाउँमा पुग्यौं जहाँ रावणले सीतालाई हरेर लगेको ठाउँ भनिएको थियो । त्यहाँको मन्दिरमा पनि दर्शन गऱ्यौं । मन्दिरबाट अलिपर हनुमानले नेपालबाट ल्याएको सञ्जिवनी पहाड भनिएको थियो । त्यसपछि हामी स्वर्ग नर्कको Musem बनाएर राखेको ठाउँमा पुग्यौं । त्यसपछि हामी त्रिपिटक संरक्षण गरेर राखेको बुद्धको ८/१० तल्ला मूर्ति भएको ठाउँमा गयौं । मूर्तिको पछाडिको भागमा ठूलो भवन बनाएर राखेको थियो । जहाँ तल्लापिच्छे ५०० वटा जातक कथा चित्रहरू कोरेर राखिएको थियो । नवौं तल्लामा पुगेपछि हामी बुद्धको शिरको पछाडिको भागमा पुग्यौं । त्यहाँ हामीले बुद्धको शिरभित्र त्रिपिटक संरक्षण गरेर राखेको दर्शन गर्न पायौं । त्यसपछि फेरि त्यस्तै ठूलो बुद्धको मूर्ति दर्शन गर्ने मौका पनि मिल्यो ।

त्यहाँबाट फर्किंदै हामी कालुतारा भन्ने ठाउँतिर लाग्यौं । साँझपर्न लाग्दा हामीले ठूलो समुद्र देख्यौं ।

भोलिपल्ट समुद्रमा खेल्ने कार्यक्रम थियो । सोही अनुसार हामी बिहानको जलपान पछि समुद्रतिर लाग्यौं । समुद्रको बीचमा एउटा विहार थियो । त्यहाँ हामीले पाठ गऱ्यौं । त्यसपछि हामी समुद्रमा खेल्न हिंड्यौं ।

त्यहाँबाट हामी ब्रिटिशहरूले राज्य गर्दा बनाएर गएको Church पनि हेर्ने मौका पायौं । त्यहाँ हामीले नरिवलको पानी पिएर शीतल महसुस गऱ्यौं ।

भोलिपल्ट हामी Kalutara भन्ने ठाउँमा पुग्यौं । त्यहाँ हामीले ठूलो चैत्य भएको ठाउँमा गयौं । यो चैत्य अरु चैत्यभन्दा अलिफरक थियो । चैत्य भित्र फेरि अर्को चैत्य थियो । त्यहाँ पनि हामीले पाठ गयौं । त्यो दिन हामीलाई बेलुकीको भोजन गर्न अशोक भन्तेले अध्ययन गर्नुभएको विहारमा लगियो ।

भोलिपल्ट बिहान हामीलाई पुण्यवती गुरुमांले

अध्ययन गर्नुभएको विहारमा लगियो । त्यहाँ हामीलाई चाहिने बाम, भिक्स, क्रिम, तेल किन्नको लागि त्यहीं व्यवस्था गरिएको थियो र सबैले आफूलाई चाहिने तेल, क्रिम, बाम, भिक्स किन्यौं । त्यसपछि हामीलाई Shopping Complex तिर लगियो । त्यहाँ हामी सबैले उपहारका सामानहरू किन्ने मौका मिल्यो । Shopping गरेर सबै थाकी सकेको थियो । भोलिपल्ट सिरिपाद जाने कार्यक्रम थियो । त्यसैले त्यो दिन चाँडै नै Hotel तिर आराम गर्न लगियो ।

भोलिपल्ट बिहान सिरिपाद जानको लागि ५ घण्टा जतिको यात्रापछि विहारमा पुग्यौं । त्यहाँ हामीलाई बेलुकी भोजन गराइयो । सबैजना सिरिपाद जानको लागि उत्साहित भयौं ।

करिब बेलुकीको ६ बजेतिर हामी उकालो चढ्न शुरु भयो । हामीलाई ४/५ जनाको एउटा ग्रुप बनाईदिएको थियो । एक-एक गुपमा एकजना भन्तेलाई अगुवा बनाई दिएको थियो । सोही मुताबिक हामी चढ्न सुरु भयो । उकालो चढ्न अलि गाह्रो भयो, थकाई मार्दै हामी चढ्दै गयौं ।

त्यो दिन पूर्णिमा परेको हुनाले जूनको उज्यालो मज्जाले देखिन्थ्यो । त्यहाँ ६ महिना बन्द हुने ६ महिना खोल्ने नियम रहेछ । हामी गएको दिन खोलेको समय परेछ । त्यसैले त्यहाँ भक्तजनहरूको ठूलो घुँइचो नै थियो । त्यहाँका मानिसहरूको आस्था देखेर म छक्क परें । बृद्ध बृद्धादेखि लिएर दुधेबालकसम्म त्यहाँ आएको देखें ।

करिब हामी राती १ बजेतिर माथि पुग्यौं । मन्दिरसम्म पुग्न १/२ घण्टा जति लाईन बस्नु पऱ्यो । भगवान्‌को पाऊको दर्शन गरिसकेपछि लगतै झर्न शुरु भयो । तल झर्दा करिब २ बजेको थियो । माथि चढ्ने भन्दा पनि तल झर्न अलि गाह्रो भयो । जति झरे पनि गन्तव्यसम्म पुगेको होइन । मलाई मात्र त्यस्तो भएको होला भन्ठानेको त कुरा बुझ्दा सबैलाई त्यस्तै भएको रहेछ । तलसम्म आइपुग्दा झण्डै बिहानको ६ बजेको थियो ।

अलि चाँडै हिंड्नेहरू बिहानको ४ बजे नै पुगेका थिए । अलि ढीला हुनेहरू ७:३० सम्म बजेको थियो । यो यात्रा अलि कष्टकर थियो । रातभरभित्र माथि चढेर पनि तल झर्नुपर्ने थियो । यो हाम्रो भ्रमणको अन्तिम यात्रा थियो । यात्रा भरिमा हामीलाई अशोक भन्तेले त्यहाँको गतिविधि त्यो ठाउँको महत्वको बारेमा विस्तृत रूपमा अलिकति पनि अल्छी नमानी बताएर लानु भएको थियो भने पुण्यवती गुरुमांले पनि हामीलाई एकथोपा अल्छी नमानी ठाउँठाउँमा फोटो खिचिदिनु भयो । जसले गर्दा यात्राको महत्व अझ गाढाा भयो । शान्तदेव भन्ते उहाँले हामीलाई प्रत्येक चोटी बसबाट ओर्लेपछि माथि चढ्दा सबैलाई गनेर को आयो को आएको छैन Check गर्नु हुन्थ्यो । त्यसैले हामी सबै भन्ते गुरुमां प्रति आभार छौं ।

गुरुमां भन्ते सहित ३२ जनाको परिवार थियो । हाम्रो श्रीलंकाको भ्रमणमा त्यसमा सबैजना मिलनसार थिए । जसले गर्दा कहिले पनि मनमुताव भएन । सबैजनामा मेलमिलाप थियो । त्यसले गर्दा पनि हाम्रो श्रीलंका भ्रमण सफल भएको महशुश भयो । ■

# रत्न मञ्जरी गुरुमांको चौधौं पुण्यतिथी सम्पन्न




*दिवंगत रत्न मञ्जरी गुरुमांको पुण्य स्मृतिमा पुण्यानुमोदन गर्नुहुँदै धम्मवती गुरुमां*

*२०७७ कार्तिक १३ गते, त्रयोदशी, बिहिवार ।*

वरिष्ठ आचार्य रत्न मञ्जरी गुरुमांको चौधौं पुण्य तिथी यसदिन धर्मकीर्ति विहारमा सम्पन्न भएको छ ।

भिक्षुणी धम्मवती गुरुमां सहित धर्मकीर्ति विहार का आवासिय गुरुमांहरू लगायत यस विहार अन्तरगत रहेका शाखा विहारका गुरुमांहरूबाट सामूहिक महापरि त्राण पाठ गरी सम्पन्न गरिएको यस कार्यक्रममा धम्मवती गुरुमां लगायत सबै गुरुमांहरूले दिवंगत रत्न मञ्जरी गुरुमांको पुण्य स्मृतिमा दान प्रदान गरी पुण्यानुमोदन गरिएको थियो ।

# आश्चर्य चाय् मा:गु मदु

✍ माधवी गुरुमां

बुद्ध कालिन इलय् अनाथ पिण्डिक महाजन पीगु कोटीधन खर्च याना: बुद्ध शासनया लागि जेतवन विहार दय्काब्यूगु ऐतिहासिक घटना उल्लेख जुयाच्वंगु दु। गुगु विहार सम्पूर्ण गतिविधि बाँला: अनुकूल जू। विहार च्वनाबिज्याइपिं बुद्ध शिष्य संघपिन्त, मगा: मछिं धयागु छु मदु। मा:कथं थाय्बाय् फुक्क परे जू।

त्यागी जीवन हनेगु आ:पु मजू। उकिं अनाथ पिण्डिक महाजन सम्पूर्ण व्यवस्था मिलेज्वीक विहार दय्काबिल। उकिं हे ज्वी भगवान् बुद्ध सहित वसपोल शिष्य संघपिं अपो याना: वहे विहारे च्वनाबिज्याइगु घटन भ्कीस ब्वना च्वना न्यनाच्वना। थ्व जुल वर्तमान अवस्थाय् म्वानाच्वनापिं भ्कीसं थ:गु मिखां स्वयुमखंगु घटना। मिखां मखनकि खइला: मखइला उलि विश्वास मयाइपिं न दय्फु। तर विश्वास मदय्क्य म्वा: थें च्वं। छाय्धा:सा थौंकन्हे नं अनाथपिण्डिक महाजन थें नुग: तप्पा:पिं धन दुथें मन नं दुपिं पुण्यवान् दातापिं दान खनी धयागु प्रमाण खनेदु। शाक्यमुनि बुद्ध शासन ल्यनाच्वंगु अवस्थाय् हे अनाथ पिण्डिकया ल्यू द्रव्यमान सिं (भाइराजा साहु), बसुन्धरा तुलाधर स्यल्लापिं दाताया रुपय् प्रस्तुत जुयादीगु अप्पोसिया स्यूगु हे खँ ख:। थम्हं हिच:ति हाय्का: कमेयानागु करोडौं धन खर्च याना: श्रीघ: चैत्य न्ह्योने च्वंगु धर्मकीर्ति विहार पुन:निर्माण यानादिल। वयक:पिं सहित वयक:या परिवार फुक्कंसिया धर्मया ख्यले दुगु थुगु श्रद्धायात साधुवाद मब्यूसे च्वनेफैमखु।

> **"पुण्यवान् व्यक्तिलाई यसलोक र परलोक दुबैमा आनन्दको अनुभव हुन्छ। आफूले पुण्य गरेको कार्यबाट आनन्दित हुनेछ। परलोकमा पुगेर यहाँभन्दा पनि धेरै आनन्द प्राप्ति हुनेछ।" - धम्मपद**
>
> **"पापी व्यक्तिलाई यहाँ पनि परलोकमा पनि दुबै लोकमा ताप हुन्छ। आफूले गरेको पापकार्यको विचारले मनमा सन्ताप हुनेछ। दुर्गतीमा पुगेर उसलाई भ्कन बढि ताप हुनेछ।" - धम्मपद**

उलिजक मखु वय्क: दातापिसं बनेपा स्थित ध्यानकुटी विहार नं पुन:निर्माण यानाबिल। तर अपशोच उगु न्हुगु भवन अश्वघोष भन्तेनं स्वयाबिज्याय् मखन।

भन्ते म्हं मफया: अस्पताले च्वना बिज्या:बले तको मछि हे ध्यानकुटी विहार आ:ला सिधल ज्वी, स्व:वने मास्ते वल धका: धयाबिज्याइर्गगु हँ। विहार यंकेगु ब्यवस्था नं यानाच्वंगु ख:। तर अनित्य थ्व देह अचानक ल्वय् हिला: वसपोल दिवंगत जुयाबिज्यात। सायद वसपोल गनं छथाय् च्वना: ध्यानकुटी विहारया न्हूगु स्वरुप स्वयाच्वना बिज्यात ज्वी धका: आशा यानाच्वना।

उलिजक मखु वय्क: दातापिसं मेमेगु विहारय नं यक्कोहे टेवा बिया: विहार निर्माण ज्याय् संलग्न जुया: पुण्य सञ्चय यानाच्वना बिज्या:गु अप्पोसिया स्यूगु हे खँ ख:। विहार दनां जिलला, चन्दा बियां जिलला, बुद्ध शासन उन्नति ज्याय् यक्को घिसिला:गु आधार जुया: पुण्य सञ्चय यानाच्वना दीगु दु।

यलया सुनन्दाराम विहार दय्का। तर पूवंके मफया छुयाय् छुयाय् जुयाच्वन। थ्व खँ पूज्य अश्वघोष भन्तेनं सिया: वसपोलं दाता द्रब्यमान सिंह (भाइराजा) साहुयात धयाबिज्यात् ज्वीमा:। वसपोलया छगू वचनं हे वय्क: दाता भ्काया: स्वच्छ मनं चन्दा बियादिल। थुकिं विहारया पूमवना च्वंगु ज्या पूवन। न्हापा स्कूलय् छकू कोठा कया: अनहे नय्गु व दयनेगु जुयाच्वंगु। उलि जक मखु अनहे मनू नापलाय्गु जुयाच्वंगु। थुकथं थिंथिंकथं समस्या, समाधान यानाच्वनागु। यलया दातापिंसं फुफुथे चन्दा बिया: फुफुकथं विहार दना। आ:हानं चन्दा कयाच्वने योग्य मजुल। दाता द्रब्यमान सिंह सपरिवारया श्रद्धां बियादीगु चन्दाया कारणं विहार निर्माणय् पूमवनाच्वंगु ज्या पूवंका गुरुमांपिं याउँक विहारे च्वनेदत।

थुगु पुण्यं थुगु युगया अनाथ पिण्डिक जुयादीम्ह दाता द्रब्यमान सिंह, बसुन्धरा सपरिवारया आयु आरोग्य व निरोगी ज्वीमा, बुद्ध शासनयात थुकथंहे सेवा याना चवने फय्मा, फुसा थुगु हे जन्मे मफुसा मैत्री बुद्धया शासने दु:खं मुक्तगु निर्वाण सम्पत्ति लाभ ज्वीमा धका: कामना याना। ■

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्भन्ति तेसं वूपसमो सुखो







बूगु न्हि :
बि.सं. २००६
कार्तिक २५

मदुगु न्हि :
बि.सं. २०७७
असार ९ गते

# मदुम्ह चित्त बीर सिं तुलाधर

पूर्णहेरा भोजन पुचःया दुजः दिब्यातारा तुलाधरया जहान **चित्त बीर सिंह तुलाधर** दिवंगत जुयादिल । थुगु दुखं कयाच्वंगु इलय् उपासिका दिब्याताराया छ्येँजः पिसं संसारया अनित्य, दुःख व अनात्म स्वभावयात थ्वीकाः धैर्य धारण याय् फय्मा । अथेहे मदुम्ह उपासक चित्त बीर सिंहयात सुगति प्राप्त जुया याकन हे निर्वाणया हेतु नं चूलाय्मा धकाः कामना यानाच्वना ।

## पूर्ण हेरा भोजन पुचः

धर्मकीर्ति विहार

# धर्मकीर्ति बौद्ध परियत्ति केन्द्र पुरस्कार वितरण कार्यक्रम

*२०७७ श्रावण २४ गते, शनिवार*
*स्थान- धर्मकीर्ति विहार, धम्महल*

यसदिन धर्मकीर्ति बौद्ध परियत्ति केन्द्रबाट बि.सं. २०७७ सालमा बौद्ध परियत्ति शिक्षा परीक्षामा उत्तिर्ण हुन सफल विद्यार्थीहरूलाई पुरस्कार वितरण गरिएको थियो ।

नेपाल बौद्ध परियत्ति शिक्षाका केन्द्रिय परीक्षा नियन्त्रक श्रद्धेय भिक्षु बोधिज्ञान भन्तेले पञ्चशील प्रार्थना गराउनु भएको उक्त कार्यक्रम भिक्षुणी धम्मवती गुरुमांको सभापतित्व एवं काठमाडौं महानगरपालिकाका मेयर श्री विद्या सुन्दर शाक्य एवं श्रीमती सुचिता शाक्यको प्रमुख अतिथित्वमा सञ्चालन गरिएको थियो । अरुण शिद्धि तुलाधरले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा काठमाडौं महानगरपालिका वडा नं. २५ का वडा अध्यक्ष नीलकाजी शाक्य तथा वडा सदस्य श्रीमती रमीता कमल स्थापित, काठमाडौं महानगरपालिका शिक्षा विभागका निमित्त शिक्षा अधिकृत श्री तारापति खरेलज्यू, वडा नं. १५ का वडा अध्यक्ष तथा प्रवक्ता श्री ईश्वर मान डंगोल, शिक्षा विभागका शिक्षा अधिकृत श्री मोतीराम खनाल आदि उपस्थित हुनुहुन्थ्यो ।

बुद्ध प्रतिमा अगाडि भिक्षुणी धम्मवती एवं का.म.न.पा. का मेयर श्री विद्या सुन्दर शाक्यले दीप प्रज्ज्वलन गरी उद्घाटन गर्नुभएको उक्त कार्यक्रममा धर्मकीर्ति बौद्ध परियत्ति केन्द्रका सचिव भिक्षुणी केशावतीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो । वण्णवती गुरुमांले धर्मकीर्ति परियत्ति केन्द्रको २०७६ सालको आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको उक्त कार्यक्रममा का.म.न.पा.का मेयरले महानगरपालिकाबाट धर्मकीति परियत्ति केन्द्रका लागि आवश्यक, ल्यापटप र प्रिन्टर प्रदान गरिएको थियो ।


यसरी नै ने.बौ.प. केन्द्रबाट पनि यस परियत्ति केन्द्रका लागि सहयोग स्वरुप रु. ५० हजार चन्दा प्रदान गरिएको कुरा थाहा हुन आएको छ ।

यस कार्यक्रममा परीक्षामा उत्तिर्ण हुन सफल विद्यार्थीहरूलाई पुरस्कार वितरण गर्नुहुने दाताहरूको नामावली यसरी रहेको छ –

| क्र. सं. | दाता | पुरस्कार विवरण | कैफियत |
|---|---|---|---|
| १ | भिक्षुणी धम्मवती | लुम्बिनी अंकित चाँदीको फ्रेम | उत्तिर्ण हुन सफल सबै विद्यार्थीहरूलाई |
| २ | अंगुरमान, सूर्यलक्ष्मी तुलाधर | फ्रेम | बोर्ड हुन सफल विद्यार्थीहरूलाई |
| ३ | प्रत्येकमान र जगतशोभाको पुण्य स्मृति सिरपा दाता सिद्धार्थमान, सुमन कमल, लोचनतारा र उष्णिसतारा तुलाधर | चैत्य | कोविद र सद्धम्म पालक परीक्षामा उत्तिर्ण विद्यार्थीहरूलाई |
| ४ | श्याममान बज्राचार्य | चैत्य | परीक्षामा उत्तिर्ण हुन सफल अन्य विद्यार्थीहरूलाई |
| ५ | बौद्ध परियत्ति केन्द्र धर्मकीर्ति विहार | कापी, कलम, पुस्तक, झोला लगायत अन्य सामानहरू | परीक्षामा उत्तिर्ण हुन सफल सबै विद्यार्थीहरूलाई |

पुरस्कार वितरण पश्चात् कार्यक्रममा उपस्थित हुनुभएका विशेष महानुभावहरूले पुरस्कार वितरण कार्यक्रम एवं बौद्ध परियत्ति शिक्षा विषयमा आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएका थिए । मन्तव्य व्यक्त गर्नुहुने महानुभावहरू यसरी हुनुहुन्थ्यो ।

मन्तव्य व्यक्त गर्ने क्रममा परीक्षामा बोर्ड ल्याउन सफल विद्यार्थी सुमी शाक्ले आफ्नो अनुभव बताउनुभएको




*आफ्नो मन्तब्य व्यक्त गर्नुहुँदै का.म.न.पा.का मेयर श्री विद्यासुन्दर शाक्य*

थियो । काठमाडौं महानगरपालिकाका मेयर श्री विद्या सुन्दर शाक्यले बुद्ध शिक्षा व्यवहारिक ज्ञान भएकोले यस शिक्षालाई अध्ययन गर्नको लागि मात्र होइन यसलाई व्यवहारमा पनि प्रयोग गर्न सकेमा मात्र यसबाट अमूल्य फाइदा लिन सकिनेछ । महानगरपालिका राम्रो कार्यमा सहयोग पुऱ्याउन सदैब तत्पर रहेको कुरा उल्लेख गर्नुहुँदै उहाँले नराम्रो काम गरी कुख्यात हुने होइन राम्रो काम गरी प्रख्यात हुनु राम्रो भएको कुरालाई प्रष्टाउनु भयो ।

कार्यक्रममा उपस्थित हुनुभएका सबै विशेष अतिथिहरूलाई पनि धम्मवती गुरुमांबाट लुम्बिनी अंकित चाँदीको फ्रेम स्मृति चिन्हको रूपमा प्रदान गर्नुभएको उक्त कार्यक्रममा सुवण्णवती गुरुमांले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

कार्यक्रमको अन्त्यमा ओवाद दिनुहुँदै धम्मवती गुरुमाँले भन्नुभयो– “पूज्य भिक्षु बुद्धघोष महास्थविरले यस नेपाल बौद्ध परियत्ति शिक्षा सञ्चालन गरी अखिल नेपाल भिक्षु महासंघलाई हस्तान्तरण गर्नुभएको थियो । यस बौद्ध परियत्ति शिक्षा अध्ययन गर्नलाई आह्वान गर्नु भनेको बौद्ध हुनु भनिएको कदापि होइन । यस शिक्षाले आफ्ना अनन्त गुणवान् माता, पिता र आफूले नजानेको बहुमूल्य ज्ञान दिने गुरुहरूको कृतज्ञ गुण नबिर्सीकन उहाँहरूलाई आफूले सक्दो सेवा गरी ऋण तिरी इमान्दार एवं सभ्य र असल मानिस बन्न सिकाउँछ । त्यसैले सभ्य एवं इमान्दार शासक र जनता बनाउनको लागि परियत्ति शिक्षालाई स्कूल तह देखिको पाठ्यपुस्तकमा समावेश गराउन अत्यावश्यक भइसकेको छ । यस नैतिक शिक्षाको अभाव भएकै कारणले होला आजभोली आमा, बुबाप्रति छोराछोरीले र गुरुहरू प्रति विद्यार्थीले गर्नुपर्ने आदरगौरवपूर्ण व्यवहारमा अभाव भइरहेको देखिन्छ । यसको साथै समाजमा धेर्रै विकृती र अशान्तीपूर्ण वातावरणहरू फैलिरहेको देख्न र सुन्न परिरहेको छ ।”

पूज्य भिक्षु बोधिज्ञानले पुण्यानुमोदन गराउनुभई समापन गरिएको उक्त कार्यक्रममा मीना तुलाधरले कार्यक्रममा सहभागी हुनु भएका सबै महानुभावहरू जलपान प्रायोजन गर्नुभएको थियो ।

# धर्ति मां ख्वया च्वन थौं थथे

✍ कृष्ण देवी बज्राचार्य

दोष बिइ स्वइत जिं, थ्व अशान्तिया हरे,
सिना च्वन आखिर, फुकं जि मस्त हे ।
जिगु हे कोखं बूपिं मस्त फुकं,
थवं थवय्, ल्वाना च्वन ।
स्याना च्वन, पाला च्वन,
जिगु हे छातिइ हिबाः वय्का च्वन ॥

थवं थवय्, ल्वाका च्वनीम्ह,
वुइक्य लातला शकुनि जकं ?
द्वेष भाव, नुगलय् मन्ह्यंक,
चुकू जकं,ताललां वं ?
सलंसः दाजु किजा, द्वलंद्व सैनिक,
थःहे गुरु, आचार्य तकं ।
ख्वख्वं स्याय् माःगु, हाय् ! निर्दयता,
ब्यूगु हरे स्व, गुज्वगु, बाध्यता ॥

अथे हे जुया च्वन, थौं थन धर्तिइ,
गनं हे शान्ति मन्त गनं ।
हाः हाः काः काः जुल, स्वःस्वः थाय्,
जि मस्तय् सरक्षा, मन्त गनं ॥
मां बौया छातिइ, गोलिं कय्के फुपिं,
दाजु किजाया छ्यं ध्यना यंके फुपिं ।
दुरुत्वंपिं मस्ततकं, बाकि मतःपिं,
गुज्वःपिं जक जुल हरे, जि सन्तानपिं !

अनाहकय् मन्त, काय् म्ह्याय्,
अशक्त बुढा-बुढिया सहारा ।
हुइमाल सिन्हः, ल्यासेगु बैंसय्,
स्याना बिल मांबौ, जुल मस्त टुहुरा ॥
नये गन, त्वने गन, द्यने गन, च्वने गन,
ब्वाँय्ब्वाँय् ख्वख्वं, ब्वाँय्ब्वाँय् जुया च्वन ।
बफरा मस्त जुल, खां खिना बिलिथें,
अन थन मदयक, चिच्चा दना च्वन ॥

मफुत जिं सहयाय्, नुगः चिरिचिरि बाल,
महाभारतया युद्ध थें जुल ।
हि फय् माःम्ह जिगु धर्ति मूहाल,
क्वस्वया च्वंम्ह सर्गः कँ हाल ॥

## आठौं संघनायक एवं उपसंघनायक

*२०७७ श्रावण १९ गते, सोमबार*

*स्थान- आनन्दकुटी विहार, स्वयम्भू*

भिक्षु महासंघका धम्मानुशासक, पूर्व अध्यक्ष, एवं बोधिचर्या विहार, बनेपाका संस्थापक प्रमुख महासद्धम्म जोतिकधज भिक्षु बोधिसेन महास्थविरलाई संघनायक पतिट्ठापन विधि सहित संघ सम्मति विधिपूर्वक अखिल नेपाल भिक्षु महासंघको आठौं संघनायक पदमा पदस्थापन गरिएको र भिक्षु महासंघका धर्मानुशासक पूर्वाराम विहार (धुलिखेल) का संस्थापक प्रमुख महासद्धम्म जोतिकधज भिक्षु गुणघोष महास्थविरलाई संघ उपनायक पदमा पतिट्ठापन विधि सहित संघ सम्मति विधिपूर्वक संघ उपनायक पदमा पदस्थापन गरिएको समाचार छ ।

प्राप्त समाचार अनुसार अखिल नेपाल भिक्षु महासंघका उपाध्यक्षहरू भिक्षु सुमेध महास्थविर तथा भिक्षु धर्ममूर्ति महास्थविरको उपस्थिति सहित अखिल नेपाल भिक्षु महासंघका धर्मानुशासक पदाधिकारी एवं सम्बद्ध संघ सदस्यहरू बिच बु.सं. २५६४, ३ अगष्ट २०२० श्रावण १९ गते सोमबार, ने.सं. ११४० गुंपुन्हिका दिन काठमाडौं स्वयम्भू स्थित ऐतिहासिक आनन्दकुटी विहार सीमा गृहमा सम्पन्न संघ सदस्यहरू भिक्षुहरूको उक्त संघ कार्य बिच कम्मवाचाकारकद्वय भिक्षु धम्मशोभन महास्थविर तथा भिक्षु शीलभद्र महास्थविरले कम्मवाचा वाचन गर्नुभएको थिए ।

**"अरूको गाई चराउने गोठालाले दूध प्राप्त गर्न नसके जस्तै धर्मको कुरा गर्न जान्ने तर धर्म अनुसारको आचरण नगर्ने व्यक्तिलाई श्रमणत्त्वको फल प्राप्त हुन सक्दैन ।" – धम्मपद**

**"अलिकति मात्र धर्मको कुरा गर्न जान्ने भएतापनि धर्मानुसार आचरण गर्ने राग, द्वेष र मोहलाई हटाई राम्ररी धर्मावबोध भएर आफ्नो चित्तलाई क्लेशबाट हटाई, इहलोक र परलोकको चिन्ता गर्ने व्यक्तिलाई श्रमणत्त्व फल प्राप्त हुनेछ ।"**

**– धम्मपद**



## आवरण चित्र परिचयको बाँकी अंश ... ...

कुनै पनि छिमेकी देशमा शस्त्र प्रयोग नगर्ने अर्थात् आक्रमण नगर्ने प्रतिज्ञा गरे। ती देशहरूबाट पनि आफ्नो देश सुरक्षा गर्नको लागि सतत् सजग भए। कुनै पनि आक्रमणकारी देशले आफ्नो देशको धरतीमा पाईला टेक्न नपावस् भनी भगवान् बुद्धले बताउनु भएको उपदेशानुसार आफ्नो देशमा किल्ला बनाई सजग चतुरंगिनी सेनाहरू स्थापना गरे।

त्यसबेला भारतमा निर्मित ती किल्लाहरूलाई हालसम्म जोगाईराख्न सकिराखेको छैन। तर बर्मा (म्यानमार) को पुरानो राजधानी माण्डलेमा अहिलेसम्म पनि ती किल्लाहरू बाँकी र सुरक्षित छन्, जुन भगवान् बुद्धको निर्देशन अनुसार नै बनाइएको देखिन्छ।

सम्राट अशोकले यसरी आफ्नो देशमा किल्लाहरू बनाई चतुरंगिनी सेनाहरू स्थापना गरेको देखि छिमेकी देशहरू भयभित हुँदै भन्ने गर्थे –

यो राजाको के विश्वास ? कुनै पनि बेला यसले हामीमाथि हमला गर्न बेर छैन, होइन भने यत्रो विशाल चतुरंगिनी सेना सीमामा किन स्थापना गऱ्यो यसले।

छिमेकी देशहरू यसरी भयभित भएको थाहा पाई सम्राट अशोकले आफ्नो देशको सीमामा एक शीलालेख स्थापना गरी त्यसमा यसरी स्पष्ट अक्षर कोरियो –

**"सो अस्ति अनुसोचन देवन प्रिअस विजिनिति कलिगनि"**

*- शाहबाजगढी शिला-४*

कलिंगमा विजय प्राप्त गरेका देवानांप्रियलाई पश्चाताप लागिरहेको छ। उसले अब यस्तो गलती कार्य फेरि नदोहऱ्याउने प्रण गरेको छ। अबदेखि शस्त्रद्वारा होइन धर्मद्वारा विजय प्राप्त गर्न चाहन्छ। त्यसैले लेखिएको छ –

**लध भोति प्रिति ध्रमविजयस्पि**

*- शाहबाजगढी शिला-२१*

अर्थात् धर्मद्वारा विजय प्राप्त गर्न पाएकोमा (मलाई) प्रीति भएको छ।

यसरी धर्मविजयका विजेता धन्य भएको छ। यस विजयले उसले छिमेकी देशवासीका पीढिहरूका लागि पनि हृदय स्रमाट बन्न सफल भए। ■

## लुम्बिनी विकास कोषको सदस्य सचिव पदमा सानुराजा शाक्य नियुक्त

बौद्ध विद्वान तथा सामाजिक अभियन्ता सानुराजा शाक्यलाई लुम्बिनी विकास कोषको सदस्य सचिव पदमा नियुक्त गरिएको समाचार छ।



*लुम्बिनी विकास कोषका सदस्य सचिव श्री सानुराजा शाक्य*

प्राप्त समाचारमा मन्त्री परिषदको सम्पन्न बैठकले उहाँलाई उक्त पदमा नियुक्त गरिएको उल्लेख गरिएको छ।

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**

*बूगु न्हिं :*
बि.सं. १९९१
आषाढ
शुक्ल चतुर्दशी



*मदुगु न्हिं :*
बि.सं. २०७७
श्रावण
कृष्णपक्ष औंशी

***दिवंगत नानी हेरा तुलाधर**, न्यत, त्यंगः*

लक्ष्मी नानी न्यत पुचःया दुजः **नानी हेरा तुलाधर**, न्यत दिवंगत जुयादिल। वय्‌कःया सुगति व निर्माण कामना यासे पुण्यानुमोदन यानाच्वना। दुःखं कयाच्वंगु थुगु इलय् वयकःया छ्यँजःपिसं बुद्ध शिक्षायात थुइकाः धैर्य धारण याय् फय्‌मा धकाः आशिका नं यानाच्वना।

**लक्ष्मी नानी न्यत पुचः**
**धर्मकीर्ति विहार**
श्रीघः, नःघः, यें

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



*बुदिं न्हिं :*
बि.सं. १९९७
कार्तिक १७ गते

*मदुगु न्हिं :*
बि.सं. २०७७
भाद्र २२ गते

# दि. केशरी लक्ष्मी ताम्राकार

*महाबौद्ध, यें*

अनन्त गुणं जाःम्ह जिमि तता/क्येहें, केशरी लक्ष्मी ताम्राकार चयद्‌याँ बैशय् दिवंगत जुल ।

"भोग फुतकि थन सुं नं च्वनेमदु, जन्म ज्वीगु धयागु हे छन्हु सीगु लागि खः" प्रकृतीया थ्व नियमयात मनय् तयाः धैर्य धारण यानाच्वना ।

दुःखं जायाच्वंगु थुगु अवस्थाय् मन याउँक भलसा बियाः बिचाः हाय्‌का द्‌यूपिं थःथिति व पासाभाईपिन्त नं यक्को यक्को साधुवाद बियाच्वना ।

जिमिसं यानागु पुण्यया शक्तिं मदुम्ह जिमि तता/क्येहें केशरी लक्ष्मी ताम्राकारया लागि तःधंगु लिधंसा ज्वीमा । परलोक जीवन सुगतिमय जुयाः याकन हे निर्वाणया हेतु चूलाय्‌मा धकाः पुण्यानुमोदन यानाच्वना ।

*किजापिं :*
**स्वयम्भूमान ताम्राकार**
**सर्वज्ञमान ताम्राकार**

*भौपिं :*
**चित्तलक्ष्मी ताम्राकार**
**विमला हेरा ताम्राकार**


सहित महाबौद्ध, यें ।

*तता :*
**सूर्यलक्ष्मी तुलाधर**

*क्येहें :*
**कर्म लक्ष्मी कंसाकार**

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो

*बूगु न्हि :*
*बि.सं. २००६*
*मंसीर ११*



*मदुगु न्हि :*
*बि.सं. २०७६*
*आश्विन ३ गते*

# दिवंगत मदन हर्ष तुलाधर

अनन्त गुणं जा:म्ह जि किजा ध्यान गुरु **मदन हर्ष तुलाधर** मदुगु दच्छि दत । थ:गु जीवन अमूल्यगु बुद्ध शिक्षा प्रचार ज्याय् अर्पण यासे पुण्य सञ्चय यानावंम्ह जि किजाया उगु पुण्य शक्ति वया परलोक जीवन सुगतिमय ज्वीत भलसा (आधार) ज्वीमा । याकन हे निर्वाणया हेतु नं चूलाय्मा धका: कामना यासे पुण्यानुमोदन यानाच्वना ।

*तता :*
शरण लक्ष्मी कंसाकार सपरिवार, पुतली सडक

*किजा :*
विजय (गीता) हर्ष तुलाधर, सपरिवार, असन

*किजा :*
विश्व हर्ष तुलाधर सपरिवार, डल्लु आवास

मुद्रक: न्यू नेपाल प्रेस १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं • फोन: ४४३३९२९, ४४३४८५० • e-mail: newnepalpress011@gmail.com